# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ३ अङ्क १४ पूर्णाङ्क ११२ | २०७५ असोज १ गते सोमबार | Monday, Sept. 17, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## बरिष्ठ पत्रकार हुमागाई आइसियूमा



काठमाडौं । अचानक कलेजोबाट रक्तश्राव भएपछि बरिष्ठ पत्रकार रामचन्द्र हुमागाईको चारदिनदेखि सिनामंगलस्थित केएमसी अस्पतालको एमआइसियू बेडमा राखेर उपचार भइरहेको छ । उपचारमा संलग्न चिकित्सकहरूका अनुसार उनको स्वास्थ्यमा क्रमिक रूपमा सुधार भइरहेको छ । दुईदिनसम्म बेहोस अवस्थामा रहेका हुमागाईको शुक्रबारदेखि होश आएको छ ।

हुमागाईको स्वास्थ्य स्थिति बुझ्न शनिबार दिउसो अखिल नेपाल जनसाँस्कृतिक महासंघका अध्यक्ष ईश्वरचन्द्र ज्ञवाली, बरिष्ठ पत्रकार कुमार शाह, लेखक तथा साहित्यकार ...बाँकी ७ पेजमा

# ‘कालापानी गायब पारिएको ‘नक्सा’ र ‘निशान छाप’ नहटाउँदासम्म संघर्ष जारी’




● वर्गदृष्टि संवाददाता

काठमाडौं । भारतीय विस्तारवादले देशैभर अतिक्रमण गरेको भूभाग फिर्ताको माग गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल सडकमा उत्रिएको छ । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ३ नं. प्रदेशले काठमाडौंमा बिहीवार दिउँसो नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरालगायतका नेपालका सीमाक्षेत्र मिचेर भारतको नक्शामा पारेको विषयलाई लिएर एक विशाल प्रदर्शन गरेको छ । काठमाडौंको सुन्धाराबाट निकालिएको उक्त विशाल विरोध प्रदर्शन न्युरोड हुँदै असन ईन्द्रचोकमा गएर कोणसभामा परिणत भएको थियो ।

कोण सभालाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले ‘कुनै पनि देशले आफ्नो देशको नक्शा आफैले बनाउने र एक इञ्च भूमिको रक्षाका लागि पनि उठिबस्ने गरेको’ सार्वभौम सच्चाइलाई औल्याउँदै नेपालमा भने ‘कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायतका मिचिएका संयौं भूभागहरू भारतको सीमाभित्र पर्ने गरी भारतले बनाइदिएको नक्सा नेपालका प्रधानमन्त्रीको कार्यालदेखि देशभरका प्रशासनिक कार्यालयहरूमा आदेश दिएर टाँग्न लगाउने गरेको कुरा खुलासा गरे ।

‘कालापानी भारततिर पारेको नक्शा र तदनुरूप तयार पारिएको निशान छाप नेपालका सरकारी, गैर सरकारी तथा सार्वजनिक ठाउँहरूबाट नहटाउँदासम्म निरन्तर संघर्ष जारी राखिरहने’ भन्दै अध्यक्ष गजुरेलले ‘यसका लागि जनआन्दोलनको उठान गर्न आफूहरू तयार रहेको’ बताए ।

‘सरकारले दिल्लीको इशारा र निर्देशनमा नक्कली नक्साहरू र निशाना छाप प्रयोग गरिरहेको कुरा हामीले जनतामाझ खुलासा गरेपछि ओलीको मन्त्रीमण्डलको बैठक बसेर नेपालकै नापी विभागले तयार पारेको नक्सा प्रयोग गर्ने भनी निर्णय भएको’ भन्दै अध्यक्ष गजुरेलले यो नापी विभागका महानिर्देशक र विभागीय मन्त्रीले पनि स्वीकार गरेको बताए । हाल नक्शामा मिचिएको कालापानीको मात्र कुरा गर्‍यौं भने पनि नेपालको ६२ वर्ग किलोमिटर भूभाग भारतले मिचिरहेको भन्दै गजुरेलले ‘ ...बाँकी ५ पेजमा

## देजमो काठमाडौं महानगरको अध्यक्षमा ईश्वर सायमी



● कुमार भट्टराई

काठमाडौं । देशभक्त जनगणातान्त्रिक मोर्चा, नेपाल काठमाडौं महानगरको भेला भव्य रूपमा सम्पन्न भएको छ । भेलाले ईश्वर सायमीको नेतृत्वमा २३ सदस्यीय काठमाडौं महानगर स्तरीय समिति निर्माण गरेको छ । संगठन विस्तार तथा सुदृढीकरण अभियान अन्तर्गत सम्पन्न गरिएको उक्त भेलाले उक्त समितिको अध्यक्षमा ईश्वर सायमी उपाध्यक्षमा बोधराज श्रेष्ठ, सचिवमा नमस्ते सायमी र कोषाध्यक्षमा प्रेमसिंह ...बाँकी ५ पेजमा

## क्रान्तिकारी माओवादी जुट्यो प्रकाशन अभियानमा

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) मुखपत्र ‘माओवादी’, बाह्य प्रकाशन ‘वर्गदृष्टि साप्ताहिक’ र ‘मूलबाटो डटकम’लाई व्यवस्थित रूपमा सञ्चालन गर्ने उद्देश्यले देशैभर ग्राहक निर्माणदेखि विज्ञापन स्रोतलाई प्रभावकारी रूपमा परिचालन गर्ने अभियानमा जुटेको छ । २५ भदौदेखि २५ असोजसम्म सञ्चालन हुने एक महिने अभियानमा पार्टी सदस्य, शुभचिन्तक समर्थकसम्ममा ग्राहक निर्माण गर्ने र उद्योग, व्यापार, व्यवसाय, वैंक वितीय, विभिन्न कम्पनीलगायतका क्षेत्रमा रहेका विज्ञापन स्रोतहरूलाई परिचालन गरिने जनाइएको छ । स्रोतका अनुसार सबै प्रदेशका जिल्लाहरूमा ग्राहक निर्माण गर्ने र विज्ञापन स्रोत परिचालन गर्ने कामलाई तीव्रता दिइएको छ ।

## अखिल (क्रान्तिकारी)को विशेष राष्ट्रिय भेलाको तयारी तीव्र




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)को विध्यार्थी संगठन अखिल (क्रान्तिकारी) विशेष राष्ट्रिय भेलामा जुटेको छ । असोजको ९ ...बाँकी ७ पेजमा

## मुलुकी संहिताको विरोधमा विरोध प्रदर्शन गरिने

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ, अखिल नेपाल जनसाँस्कृतिक महासंघ, नेपाल राष्ट्रिय प्राध्यापक संगठन, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने गरी ल्याइएको मुलुकी संहिताको विरोधमा विरोध प्रदर्शन गर्ने भएका छन् । ओली नेतृत्वको सरकारले भदौं १, २०७५ देखि कार्यान्वयनमा ल्याएको मुलुकी अपराध (संहिता) ऐन २०७४ र मुलुकी फौजदारी अपराध कार्यविधि (संहिता) ऐन २०७४ मा भएका राज्यविरुद्धको कसुर सम्बन्धी केही व्यवस्थाहरू, सार्वजनिक शान्ति विरुद्धको कसुर सम्बन्धी, गाली बेइज्जती र गोपनीयता सम्बन्धी केही प्रावधानहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर आँच पुर्‍याउने देखिएकोले मुलुकी संहिताबाट त्यस्ता प्रावधानहरू खारेजीको माग गर्दै उल्लेखित संगठनहरूले असोज ३ गते बुधबार विरोध प्रदर्शन गर्ने भएका हुन् ।

उल्लेखित चारवटै संगठनका प्रमुखहरूको अनामनगर घट्टेकुलो स्थित कृष्णसेन इच्छुक ...बाँकी ७ पेजमा

### इच्छुक सांस्कृतिक प्रतिष्ठानको सातौं प्राज्ञसभा सम्पन्न

## ‘प्रगतिवादी खेमाको ठूलो हिस्साको दलालीकरण भएको छ’

काठमाडौं । शहीद कृष्ण सेनको नाममा स्थापना भएको इच्छुक सांस्कृतिक प्रतिष्ठानको सातौं प्राज्ञसभा इच्छुक प्रतिष्ठानकै सभाहल रहेको अनामनगर स्थित घट्टेकुलोमा शनिवार भव्य रुमा सम्पन्न भएको छ । आफ्नै प्रतिष्ठान भवन निर्माण भइसकेपछि आयोजना गरिएको यो प्राज्ञसभामा सभाका सबै सदस्यहरू तथा कार्य समितिका पदाधिकारीहरू समुपस्थिति रहेको बताइएको छ ।

प्राज्ञ सभाको उद्घाटन गर्दै प्रतिष्ठानका संरक्षक तथा प्रमुख अतिथि मोहन वैद्य ‘चैतन्य’ले भने ‘अबको प्रगतिवादी आन्दोलन कसरी अघि बढ्ने हो भन्ने चिन्ता र चासो आजको हाम्रो अनिवार्य आश्यकता बन्न पुगेको छ । अबको प्रगतिशील साहित्य के हुने ?’

हिजो एउटै पार्टीमा रहेर काम गरेकाहरू आज आदर्शबाट च्यूत र विचारबाट स्खलित भएर सिद्धिएको आजको यथार्थतालाई औल्याउँदै चैतन्यले भने- ‘नवसंशोधनवादी धाराका पक्षधर साथीहरू प्रगतिवादी होलान् कि नहोलान् ? ...बाँकी ७ पेजमा

## १३ हजार युवाको हस्ताक्षरसहित ज्ञापन पत्र बुझाउँदै क्रान्तिकारी युवा लिग

काठमाडौं । क्रान्तिकारी युवा लिग, नेपाल ३ नं. प्रदेशले १३ हजार युवाहरूको हस्ताक्षरसहित ‘बेरोजगार युवाहरूलाई रोजगारी दे, नभए बेरोजगारी भत्ता दे’ भन्ने नाराका साथ प्रदेशका मुख्य मन्त्रीलाई ज्ञापन पत्र बुझाउने तयारी गरेको छ । प्राप्त समाचार अनुसार लिगको ३ नं. प्रदेशले असोज २ गते उक्त ज्ञापन पत्र बुझाउन लागेको हो । लिगले यसभन्दा अगाडि १, २ र ५ नं. प्रदेशमा पनि रोजगारी नभए बेरोजगारी भत्ताको माग गर्दै ज्ञापन पत्र बुझाएको थियो । ७ वटै प्रदेशमा ज्ञापन पत्र बुझाउने कार्यक्रम अनुसार ३ नं. प्रदेशले युवाहरूको विरोध प्रदर्शनसहित ज्ञापन पत्र बुझाउन लागेको हो । लिगले युवाहरूका समस्याहरूका साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू समेत ज्ञापन पत्रमा उठाउँदै आएको छ ।

## बलात्कारीका विरुद्ध जुर्मुराउँदै सिंगो देश



काठमाडौं । निर्मला बलात्कार-हत्या प्रकरणसँगै सिंगो देश बलात्कार र हत्याका विरुद्ध जुर्मुराएको छ । स्वतःस्फूर्त रूपमा हत्या र बलात्कारका विरुद्ध ठाउँ ठाउँमा जनताहरू सडकमा उत्रिन थालेका छन् । एकपछि अर्को निर्मला बलात्कार-हत्या प्रकरण रहस्यमय बन्दै जानु र घटनाको तीन महिना वित्न लाग्दा पनि वास्तविक दोषीलाई प्रहरी प्रशासनले पक्राउ नगरी घटनालाई ढाकछोप गर्न खोजेपछि अहिले देशव्यापी राज्यलाई जनदबाब बढेर गएको छ । निर्मलाका बुवा र आमा न्याय माग्दै राजधानी आएका छन् र आवाज उठाइदिन विभिन्न निकायलाई गुहारी रहेका छन् । शनिबार मात्रै काठमाडौं उपत्यका लगायत देशैभरका मुख्य शहरहरूमा ‘निर्मलालाई न्याय दे’ भन्दै सरकारविरुद्ध स्वतस्फूर्त प्रदर्शनहरू भएका ...बाँकी ४ पेजमा

## ‘कालापानी गायब पारिएको नक्सा प्रयोग गर्नेमाथि जनकारबाही’

नेपालमा आफ्नै नापी विभागले बनाएको नक्सा देशमा प्रयोगमा ल्याइन्थ्यो । प्रधानमन्त्री, मन्त्री, सिडियो, सेना, पुलिस, कर्मचारी, विद्यालय, प्राइभेट संस्थाहरू र सबै व्यक्तिहरूले नेपालको आफ्नो नक्सा प्रयोग गर्ने गर्दथे । पाठ्यक्रमहरूमा त्यही नक्साको आधारमा पढाइहुन्थ्यो । पहिलेका सरकारहरूले कमसेकम त्यति मात्र भएपनि देशको माटोका लागि काम गरेका थिए ।

अहिले त हाम्रो देशको नक्सा हाम्रो आफ्नै नापी विभाग र सरकारले तयार गरेको रहेनछ । हाम्रो देशको नक्सा भारतले तयार गरेको रहेछ । त्यो नक्सा भारतले आफैले किन तयार पार्न लाग्यो यसबारे जानकारी जरुरी छ । सन् १९६२ मा भारत र चीनको बीचमा लडाइँ भयो । लडाइँ हुँदैजाँदा जब चिनियाँ सेनाले भारतीय सेनाहरूलाई हटाए, हट्दै आएका भारतीय सेना नेपालको कालापानी भन्ने ठाउँमा आएर बसे । त्यो भूभाग नेपालभित्र पर्ने भएकाले चिनियाँ सेना त्यहाँ आएनन् । चीन त्यहाँ नआएपछि उनीहरू त्यही ठाउँमा अड्डा जमाएर बसे ।

**नक्साबाट उक्त स्थान कालापानी, लिम्पियाधुरा र लिपुलेक हटाइएको छ । हाम्रो अन्तर्राष्ट्रिय सीमाना मिचेर उक्त स्थान भारतीयको भूमिमा पारेको छ । अहिले भारतले बनाइदिएको नक्सामा कालापानी नेपालको सीमा बाहिर पारिएको छ**



● सी.पी. गजुरेल ●

युद्ध विराम भयो पनि । तर भारतीय सेनाले नेपालको कालापानी छाडेन । कालापानीमा भारतीय सेनाको उपस्थिति कायमै गरिराख्यो । त्यसको विरुद्धमा नेपालमा आवाज उठ्यो-‘कालापानीबाट भारतीय सेना फिर्ता गर’ भनेर । एकपछि अर्को गर्दै नाराबाजी र संघर्षको आन्दोलनहरू उठे । त्यो आन्दोलनको दौडानमा धैरै नेपालीहरू शहीद पनि भए । तात्कालीन नेपाल प्रहरीले गोली चलायो । नेपालीको हत्या गर्‍यो । तर त्यहाँबाट अहिलेसम्म भारतीय सेना हटेन ।

अहिलेसम्म भारतीय सेना किन बसिरहेको छ त ? चिनियाँ सेनाबाट लखेटिंदाका बखत भारतले केही दिन त्यहाँ रहेको भनी दिल्लीले जानकारी गराएपछि तात्कालीन राजा महेन्द्रले मौखिक रूपमा सहमति जनाएका भनिएको छ । यो बाहेक कुनै लिखित सहमति संम्झौता वा प्रमाण छैन । तत्कालका लागि राज्यको मौखिक आदेश र स्वीकृतिमा सेना त्यहाँ बसेको भनिएको छ । त्यसपछि निरन्तर संघर्ष र आन्दोलन हुँदै आयो ।

त र ...बाँकी ७ पेजमा

## सम्पादकीय

# ओली सरकारको संसदभित्र सङ्कटकाल ?

समयका हिसाबले तीनवर्षभित्र संसदले निर्माण गर्नुपर्ने मौलिक अधिकारसम्बन्धि विधेयकहरू त्यसै बाँकी छन् । यी विधेयकहरू कम्तिमा पनि असोजको महिना नलाग्दै सबै पास गरिसकिनु पर्छ । तर असोज लागिसक्ने भएको छ । यसमा गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, उपभोग्य सामान, बजार व्यवस्थापन आदी जस्ता कम्तिमा पनि १७ वटा विधेयकहरू पर्दछन् । यी विधेयकहरू जनताका जनजीवीकासँग प्रत्यक्ष रूपमा जोडिएका छन् ।

ओली सरकारले आफूहरूले शासन गर्ने विधि, विधान र दण्डव्यवस्था सम्बन्धि शासकीय विधेयकहरू उहिल्यै पाारित गरी फौजदारी, देवानी तथा कार्यविधिगत संहिता ऐनका रूपमा प्रयोगमा ल्याइसकेको छ । तर शासित जनताको हक, हित र अधिाकारसँग सम्बन्धित ऐन त्यत्तिकै थान्को लगाइएका छन् । विधेयक कतिवटा पारित हुन्छन् भन्ने कुरा प्रमुख होइन, बरु ती कस्ता बनाइएका छन् भन्ने कुरा प्रमुख हो । यी जनविरोधी छन् वा जनमुखी यो जनताले पनि थाह पाउनुपर्छ ? जनताको चासो, समस्या तथा आवश्यकताको सम्बोधन विधेयकहरूले गर्नु पर्छ । त्यसमा पनि अझ जनताको मौलिक अधिकारका कुरा । र, ती कुराहरूसँग प्रत्यक्ष जोडिएर बनाइन लागेका कानून र ऐनहरू । तर आश्चर्यको कुरा त केसम्म पनि भएको पनि छ भने यी लिखतलाई ऐन र कानुनको मान्यता दिने विधायिकामा रहेका विधायकहरूलाई पनि केही कुरा थाह छैन । हरेक विधेयक कानुनका रूपमा पास हुँदा मानिनु पर्ने सार्वभौम मान्यता भनेको 'विधायिकाको मनसाय' हो । थाह नै नभएपछि विधायिकाको मनशायका के कुरा ?

यी १७ वटा विधेयकहरू असोज २ गतेभित्र पास गरिसक्नु पर्छ । यसलाई फास्ट ट्र्याकमा लैजाने सरकार र प्रतिपक्षबीच सहमति भएको छ । विधेयकहरूको अध्ययन, बहस र सम्बन्धित सरोकारवालाहरूको राय सुझाब लिने काम पनि लत्याइएको छ । जसरी पनि गर्ने र गरिनु पर्ने नाममा फास्ट ट्र्याकको बाटो खुला गरिएको छ । यी सबै प्रक्रियाहरू हटाउन र कटाउन 'नियम निलम्बन' गरिने सहमतिअनुसार नियम निलम्बन गरिएको छ । नियम निलम्बन गरिएपछि प्रस्तुत गरिएको क्षणभरमै ती सबै विधेयकहरू अध्यादेशका रूपमा पास हुने छन् । नियम निलम्बन भनेको संसदभित्रको संकटकाल हो । यसरी विधेयक पास गर्दाको बखत लागु गरिने संकटकाल सांसदमाथि बाध्यताका नाममा छोटो समयका लागि लागु हुने निरंकुशता हो । यो कालमा सांसदहरू घोप्टो मुन्टो लगाएर चिम्म गरी टेबुल ठटाउने र जे पनि पास गरिदिने गर्दछन् । विधायिकाको मनशाय र विधायकको विशेषाधिकार निलम्बित भएको हुन्छ ।

यो बेलामा विधायकको मनसाय होइन, विधायकको थपडी मात्र आवश्यक हुन्छ । संसदमा थोपरिन लागेको यो संकटकाललाई 'द्रुत मार्ग' नामाकरण दिइएको छ । यो द्रुत मार्ग अन्तर्गत १२ घण्टाभित्रै १७ वटा भन्दा बढी विधेयकहरू पास गरिने भएका छन् ।

समृद्ध नेपाल र सुखी नेपालीको नारा दिएर आएको वाम नामको बहुमतको सरकारले यी सबै कामहरू गर्न थालेको छ । यसले देशमा समाजवाद निर्माण गर्ने हल्ला र अफवाह जनतामाझ फैलाइरहेको छ । तर यसका काम कार्यहरू देश र जनता विरोधी रहेका छन् । यो सरकारले नेपालको कालापानी हटाइएको नक्शाा र निशान छाप देशभर प्रयोगमा ल्याएको छ । केन्द्रमा टांगिएका यी नक्शाहरू र प्रयोगमा ल्याइएका निशान छापहरू देशभर योजनाबद्ध रूपमा टाँग्न र प्रयोगमा ल्याउन ओली सरकारले निर्देशन दिएको छ ।

देशमा हाल प्रवुद्ध वर्ग र देशभक्तहरू तथा नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चासहितका वाम तथा देशभक्त शक्तिहरूले यसको विरुद्धमा सशक्त आवाज उठाइरहेका छन् । नेकपा (क्रान्तिकारी माओवादी) र देशभक्त जनगणतान्त्रिक मोर्चाले त चरणवद्ध आन्दोलन पनि अघि बढाइरहेका छन् । यिनका जनवर्ग तथा जनवर्गीय संगठनहरू सडकमा ओर्लिएका छन् । यी संगठनहरू सडक संघर्षहुँदै जनआन्दोलनको तयारीमा लागेको देखिन्छ ।

अर्कोतर्फ, सरकार निरंकुश बन्दै गएको छ । स्वेच्छाचारिता बढ्दै गएके छ । बहुमतको दम्भ कायमै छ । जनताको मत मैमत्तभएर साँढे झैं भएर डुक्राउन र जे पनि गर्नका लागि हो भन्ने मनोग्रन्थीको विकास भएको छ । यसका साथै जसमाथि नियमन र अनुगमन हुनुपर्ने र गरिनु पर्ने हो, उसैलाई उन्मुक्ति दिने गरी केही सहमति गरेर विधेयकहरू ड्राफ्ट गरिएका छन् । यी जनताका मौलिक अधिकारहरू संरक्षणका लागि भनेर बनाइएका विधेयकहरू जनविरोधी र दलाल, नोकरशाह तथा बिचौलियाको स्वार्थ अनुसार ड्राफ्ट गरिएका छन् भन्नेमा कुनै शंका छैन ।

## लेखकहरूमा अनुरोध

१. **यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**
२. **कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**
३. **सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# दर्शनशास्त्रमा लेनिनको योगदान



हस्तबहादुर केसी

**विषय प्रवेश**

"मार्क्सवाद कुनै निर्जीव जडसूत्र होइन, यो कुनै बनिबनाउ, पूर्ण, अपरिवर्तनीय सिद्धान्त होइन, अपितु यो कामको सजीव मार्गदर्शक सिद्धान्त हो ।" (लेनिन, रचना संग्रह ४५ पृ.४२ (अंग्रेजी) भ्लादिमिर इल्यिच लेनिन लेनिनवादका प्रवर्तक र लेनिनवादी संगठनात्मक सिद्धान्त अर्थात् जनवादी केन्द्रीयताको सिद्धाकार समेत हुनुहुन्छ । पुँजीवादको चरम अवस्था मरणासन्न पुँजीवाद र सर्वहारावर्गका क्रान्ति सम्पन्न गर्नु भन्दा पूर्व बेला हो र "आज युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण वर्गसंघर्षको युग हो" भन्नु हुने लेनिन सशस्त्र जनविद्रोह मार्फत सत्ता कब्जा गरेर विश्वमा पहिलो पटक सर्वहारावर्गको अधिनायकत्व सहितको वैज्ञानिक समाजवादको स्थापनाकर्ता र प्रयोगकर्ता हुनुहुन्छ ।

मार्क्सवादका तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजका बारेमा वैज्ञानिक ढंगले व्याख्या, विश्लेषण र संशलेषण गर्नु हुने लेनिनले मार्क्सवादका ती तीनवटै संघटक अंग दर्शन, राजनीति र समाजवादका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनुका साथै मार्क्सवादको दार्शनिक तथा वैचारिक-सैद्धान्तिक ज्ञानभण्डारलाई समृद्धशाली बनाउन महत्वपूर्ण योगदान पुऱ्याउनु भएको छ । यहाँ दर्शनशास्त्रका क्षेत्रमा लेनिनले पुऱ्याएको योगदानका बारेमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

बेलायतको औद्योगिक क्रान्ति, अमेरिकी स्वतन्त्रता संग्राम, फ्रान्सीसी राज्यक्रान्ति पश्चात सन् १९०० को पहिलो दशकसंगै पुँजीवादले परिपक्वता हासिल गरि सकेको थियो । पुँजीवादको गर्भबाट पुजीपति वर्गको चिहान खन्ने औद्योगिक मजदुर वर्गको जन्म भइसकेको थियो ।

बेलायत, फ्रान्स, जर्मन, अमेरिका लगायतका पुँजीवादी देशहरूमा ठूला ठूला मजदुर आन्दोलनहरू जस्तै बेलयातको चार्सिस्ट आन्दोलन, डुडाइट आन्दोलन आदि भएका थिए तर ती सबै मजदुर आन्दोलनहरू वैज्ञानिक तथा क्रान्तिकारी मार्गदर्शक सिद्धान्तको अभावमा असफलता टुंगीएका थिए ।

दर्शनशास्त्रमा लेनिनको योगदानको बारेमा अध्ययन गर्ने क्रममा सर्वप्रथम हामीले मार्क्सवादी दर्शनको ऐतिहासिक विकासका बारेमा सामान्य चर्चा गर्नु सान्दर्भिक हुनेछ ।

मध्यमवर्गले पहिलो पटक पुँजीवादी क्रान्तिको नेतृत्व गरेको थियो । पुँजीवादी व्यवस्थाका विरुद्ध सर्वहारावर्गको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्दै मार्क्स-एङ्गेल्सले सर्वहारावर्गमा दर्शनका लागि भौतिक हतियार फेला पार्नुभयो भने सर्वहारा वर्गले मार्क्स-एङ्गेल्सको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा बौद्धिक हतियार फेला पाऱ्यो । हेगेलको द्वन्द्ववादबाट आदर्शवादी दर्शन र फायरबाखको भौतिकवादबाट अधिभूतवादी विधिशास्त्र हटाएपछि मार्क्स-एङ्गेल्सको द्वन्द्वात्मक भौतिकवाद नामक प्रसिद्ध वैज्ञानिक दर्शनको जन्म भयो । अब मार्क्सवादी दार्शनिक विधिशास्त्र भौतिकवादी द्वन्द्ववाद बन्यो भने मार्क्सवादी दर्शनशास्त्र द्वन्द्वात्मक भौतिकवाद बन्यो । यसमा मार्क्सको मौलिक आविष्कारचाहिँ ऐतिहासिक भौतिकवाद हो । यसरी द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको जन्म भयो र दर्शनमा महान् क्रान्ति भयो । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले प्रथमतः शास्त्रीय दर्शनशास्त्रका विरुद्धको सङ्घर्षमा लड्दै एउटा नयाँ विश्वदृष्टिकोण सर्वहारावर्गलाई दिनुभयो ।

हेगेलको कानुन दर्शनमा आलोचनाको योगदान (१८४४), १८४४ का आर्थिक तथा दार्शनिक पाण्डुलिपिहरू, पवित्र परिवार अथवा आलोचनात्मक आलोचनावादको आलोचना (ब्रुनो बावेर र मण्डलीविरुद्ध १८४४), फायरबाखमाथि निबन्ध (१८४५), जर्मन विचारधारा (१८४५), (फायरबाख : भौतिकवाद र आदर्शवादी दृष्टिकोणको विरोध (१८४५-४६) र दर्शनको दरिद्रता (१८४७) जस्ता प्रसिद्ध दार्शनिक रचनाहरूबाट मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको स्थापना गर्नुभयो । सन् १८४८ मा मार्क्स-एंगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्र प्रकाशित भयो जसले विश्वका मजदुर तथा श्रमजीवीहरूलाई वैज्ञानिक मार्गदर्शन गऱ्यो । आफ्नो सुप्रसिद्ध राजनीतिक अर्थशास्त्र 'पुँजी' मा मार्क्सले यो दर्शनको प्रयोग गर्नुभयो । १८७३ मा मार्क्सले पुँजीको दोस्रो संस्करण लेख्दै घोषणा गर्नुभयो- 'द्वन्द्ववादले कुनै पनि चीजलाई आफूमाथि हावी हुन दिँदैन किनभने आफ्नो सारतत्वमा यो आलोचनात्मक र क्रान्तिकारी छ ।'

एङ्गेल्सबिनाको मार्क्सवाद पूर्ण हुन सक्तैनथ्यो । दर्शनशास्त्रको विकास र व्याख्या गर्ने क्रममा उहाँको प्रकृतिको द्वन्द्ववाद (१८७३-८३), वानरदेखि नर बन्ने प्रक्रियामा श्रमको भूमिका (१८७६), ड्युहरिङ मतखण्डन (१८७६-७८), समाजवाद : काल्पनिक वा वैज्ञानिक (१८८०), परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८४) र लुडविक फायरबाख : शास्त्रीय जर्मन दर्शनको मौलिकता र वैज्ञानिकता के हो भन्ने कुरा स्पष्ट पारिएका छन् । उहाँहरूले बारम्बार आफ्नो दर्शन कुनै जडसूत्र होइन, बरु यसको मूल तत्वमा पदार्थको गति र विकासअनुसार निरन्तर विकास गर्दै जानुपर्दछ भन्ने कुरामा जोड दिनुभएको छ ।

कार्ल मार्क्स र एङ्गेल्स सर्वहारा तथा श्रमजीवी वर्गलाई साथमा लिएर अधिभूतवादी आदर्शवाद (विचारवाद) का विरुद्ध जीवनभर लड्नुभयो । चेतना र पदार्थमा कुन प्राथमिक हो ? भन्ने प्रश्नको जबाफमा उहाँहरूले पदार्थ नै प्राथमिक हो भन्ने कुरा पुष्टि गर्नुभयो । यही कारणले गर्दा मार्क्सवादी दर्शनको नाम भौतिकवाद रहेको छ । विचार वा चेतना प्राथमिक हो भन्नेहरू आदर्शवादी शिविरमा कित्ताबन्दी बन्न पुगे ।

अन्ततः पदार्थको विश्लेषण र संश्लेषण गर्दा आदर्शवादीहरू आदर्शवादी अधिभूतवादको विधिशास्त्र अपनाउँछन् भने भौतिकवादहरू भौतिकवादी द्वन्द्ववाद र इतिहासको विधि अपनाउँछन् । मार्क्स-एङ्गेल्सले विकास गर्नुभएको द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद र अधिभूतवादी आदर्शवादबीचको भिन्नता यही हो ।

विसौं शताब्दिको शुरुवातसँगै पुँजीवाद साम्राज्यवादको चरणमा प्रवेश गऱ्यो । लेनिन (१८७० - १९२४) ले साम्राज्यवादलाई ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

kailubraha73@gmail.com

कैलुब्राह

# दुई नम्बरीको दुई तीर्थाटन

एक समयमा पद र पावरमा एक नम्बरी बनेर निकै शक्तिशाली सुप्रिमो बनेका पिके अहिले पावर र पदमा दुईनम्बरी बनेका छन् । यससँगै अब उनको नाउँ पनि बदलिएर मिस्टर दुईनम्बरी बनेको छ । पद त उनको दुईनम्बरी छ नै, पावर भने टुकी बालेर भुइँमा कतै खोज्नु पर्ने अवस्था छ । जतिबेला उनी पद र पावरमा विराजमान थिए, त्यतिवेला उनले आफूलाई यो भूवनकै शक्तिशाली भएको गर्व गर्दै जहाँ पनि आफ्नौ शक्तिशाली हैसियत प्रयोग गर्थे । त्यतिबेला आफ्ना हालका एकनम्बरी पदवाला दौतरीलाई खुला मञ्चबाट लल्कार्दै भनेका थिए 'अब तिमी र तिम्रो पाटी पाहाडको टुप्पोबाट फँैदीमा कतै शिला खोजेझैं खोज्नु पर्ने छ ।' तर त्यही पद र पावरको मातले बोक्रे बाठो बनायो । बोक्रे बाठोले बुद्धिमा विर्को लगायो । अन्त्यमा पासा पल्टियो र आफैलाई दुईनम्बरी बनायो । त्यो पनि निकै लामो कसरत, सङ्घर्ष, धाकधम्की लगाएर मात्रै प्राप्त भएको पद हो । पदमा जेनतेन दुईनम्बरी हात लागे पनि पावर त शून्य भयो । पावर शून्य हुँदा अहिले उनलाई रातको निद न दिनको भोक भएको छ । फतर फतर फतर बोलेर चर्चामा आउन सौखिन मिस्टर दुईनम्बरीलाई अहिले मौन ब्रत बस्नु पर्दा निकै सकस परेको छ । दुईनम्बरी पदको भीख मागेर चुपचाप लुते बिरालुझैं बसेका उनी अहिले पावर आर्जन गर्ने मेसो खोज्न भीक्षाटनका लागि देशाटन गर्न हिँडेका छन् ।

यही तिर्थाटनका लागि गएको हप्ता मिस्टर दुईनम्बरी गुज्जर भैयूयाका मण्डलतिर पुगेर विभिन्न प्रभुहरूको दर्शनभेट गरी गुरुदक्षिणा चढाएर गुरुहरूबाट दीक्षित भएर आए । तिर्थाटनका बेला उनले विभिन्न शक्तिपिठहरूमा पुगे । प्रभुहरूसँग आफ्नो गुमेको शक्ति फिर्ता गराइदिएर आफूलाई पावरमा पुऱ्याइदिन अनुनय विनय गर्दै प्रभुको पूजाआरधना र भजनकृतन गाए । त्यहाँ उनले गुज्जर महाराज, मुनीस्वर महाप्रभु, सुश्मा भगवती बहन आदि इत्यादि शक्तिपिठहरूको दर्शनभेट गरे । फरक फरक शक्तिपिठहरूमा फरक फरक तरिकाले प्रभुहरूको भजन गाए र पुनः एक नम्बरी बनेर शक्ति आर्जन गर्न पाऊँ भन्दै बरदान मागे ।

मुनीस्वर महाप्रभुको दर्शन् गर्दै भने 'हे मुनीस्वर महाप्रभु ! हजुर मेरा महान् र अन्नन्य गुरु हुनुहुन्छ । हजुरको मायाले गर्दा म आज यो हैसियतमा पुग्न सफल भएको हुँ । हिज महाभारतको लडाइँमा मैले हजुरबाटै शक्ति आर्जन गरेको हुँ प्रभु । उक्त लडाइँमा दैत्य दानवहरूले लखेटेर म त्याहाँ बस्न नसकी हजुरहरूकै शरणमा गुप्तवास बस्ने अवसर पाएको हुँ प्रभु । धन्य धन्य छ प्रभु । हजुरको जया होस् । मलाई हिजका मेरा उतापट्टीका गुरु र शिष्यहरूले साथ नदिँदा आज म पावरलेस हुन पुगको छु । खोपडिलाई बन्धकी राखेर भूतप्रेत र मैमसानबाट बच्न र यो अरबौंको देह को रक्ष ागर्न आज हिजका शत्रुकै शरणमा गएको छु । जेनतेन दुईनम्बरी पद प्राप्त गर्न सफल भएपनि पावरलेस हुन पुगेको छु प्रभु । हजुरको कृपा भयो भने पुनः गुमेको पावर आर्जन गर्न पाउने छु । पावरको भीक्षाटनका लागि हजुरको दर्शन् गर्न आएको हुँ प्रभु । प्रभुको जय होस् । अनन्य गुरुको जय होस् ।'

'मैले हिजका दिनमा आफ्नै जात गोत्रका पुराना गुरु वैद्यलाई थापना गरेर सातसमुन्द्र पारी जर्मन, रुस र कैलासतिरका शिक्षा लिएको त शक्ति आर्जन गरेर कौरवहरूको ुत्ता खास्नका लागि मात्रै थियो प्रभु । त्यतिवेला तपाइँका अर्का चेला डाक्टर र उताका मेरा गुरु वैद्यको मात्रै दशमा गुणगान र महिमा थियो । डाक्टर र वैद्य मात्रै चर्चामा थिए । म झाँक्रीको नामोनिसान नभएकाले कौरवहरूसँग लड्न मेरा रैतीहरूलाई मैदानमा उतार्नु थियो । त्यसैले मैले पश्चिमतिरको शिक्षा लिएर उत्तरतिरको टुनामुना सिकेर लडाइँ गरेको हुँ । तर मेरा असली गुरु त हजुर मुनीस्वर प्रभु नै हुनुहुन्थ्यो । आज म साक्षात दर्शन गरेर सबै गुह्यकुरो खोलेर शरणमा आएको छु । यस्ता शक्तिपीठबाट मलाई शक्तिको निगाहा होस् प्रभु ।'

मुनीस्वर महाप्रभुको दर्शनभेट गरी भीक्षा मागेपछि उनी अर्को शक्तिपीठ सुश्मा भगवतीको दर्शन गर्न गए । त्यहाँ पुगेपछि उनले भगवतीको पूजाअर्चना गर्दै बरदान मागे र भने 'हे भगवती वहनजी हजुरको महिमा अपरम्पार छ । सत्ययुगमा नवदूर्गे, काली, महाकाली, भद्रकाली बनेर सन्ड, मुण्ड, महिषाशुर हरूको बध गरेर देवगणहरूको रक्षा गरेको घटना मेरो मनमा तरोताजै छ । आज कलियुगमा समेत हजुरको शक्ति जसको तस छ । यस्ता सर्वशक्तिमान भगवतीको साक्षात दर्शन गर्न पाउनु म जस्ता लम्पसारवादीका लागि अहोभाग्को कुरो हो । हजुरको कृपा होस् र महाराजलाई फकाएर मलाई शक्ति आर्जन गराई पद र पावर जीवित गराईदिनु पऱ्यो भगवती । हे देवी, हे काली, महाकाली उग्रकाली हजुरलाई यो भक्तको कोटीकोटी नमस्कार छ । या देवी सर्व भूतेषु शक्ति रूपेण संस्थिता । नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ।

त्यसपछि दुईनम्बरी गुज्जर महाराजको शक्तिपीठमा पुगे । त्यहाँ पनि उनले शक्ति प्राप्त होस् भन्दै बरदान मागे । 'हे महाराज ! मेरा गुरुका पनि महाराज हजुर हुनुहुन्छ । यस्ता महाराजको पटक पटक साक्षात दर्शन गर्न पवाउँदा धन्य छु । हजुरलाई कोटीकोटी प्रणाम छ । मेरा मुलुकमा हजुरलाई राइँदाइँ गर्ने छुट त हामीले दिएकै छौं । हामीले हजुरले चाहेका जुनसुकै ठाउँमा गएर पनि जमीन कब्जा गर्ने अधिकार दिएकै छौं महाराज । विरोधमा उत्रिने हाम्रा मुर्ख रैतीहरूलाई हजुरका पाले पहरेदार हरूबाट गोली ठोकेर मार्न, लछारपछार गर्न, कुटपिट गर्न, चेलीबेटीहरूलाई बलात्कार गर्न धनदौलत लुट्न हामिले दिएकै छौं । हजुरकै महावाणी स्वीकार गर्दै पानी र जवानी जति ल्याए पनि दिएकै छौं । हामीले रोकेका छैनौं । हजुरका दूतहरूलाई मुलुकैभरी राइँदाइँ गर्न दिएकै छौं । सरकारी तवरबाट हामीले कहीँकतै रोकटोक र विरोध गरेका छैनौं । यति गर्दा पनि हजुर बेलाबखत नाराज किन हुनुहुन्छ महाराज ? यो भक्तलाई कृपा गरेर शक्ति फिर्ता गराईदिनु पऱ्यो महाराज । हजुरको सच्चा भक्त र सेवक म नै हुने छु महाराज ।

यसरी दक्षिणी तीर्थाटनबाट फर्किएर एकादुई दिनको विश्राम लिई मिस्टर दुईनम्बरी कैलाश पर्वततिरको तिर्थाटनमा निस्कएका छन् । त्यहाँ पनि उनले अहिले यो भूवनकै शक्तिका रूपमा उदाउँदै गरेका कलियुगका कैलाशपतिको दर्शन गरेर शक्तिको बरदान मागेर आउने छन् । त्यहाँ उनले भन्ने छन् 'हे कैलाशपति महाराज ! हजुर यो भूवनकै शक्तिशाली प्रभुका रूपमा उदाउँदै हुनुहुन्छ । हजुरको बयान त सत्ययुगका हजार जिह्वा भएका शेषनागले पनि गर्न सक्तैनन् । यस्ता हजुरको साक्षात दर्शन गर्न पाउनु म जस्ता शक्तिहीन लम्पसारवादीका लागि कृतकृत्यको कुरो हो । दक्षिणि शक्तिपीठहरूको जेजस्तो दर्शन गरेरबरदान मागे पनि त्यो त रोटीबेटीको साइनो गाँसिएको तिर्थाटन भएकाले औपचारिकता पूरा गरेको मात्रै हो । खासमा मैले पूज्ने परमूशक्ति त हजुर नै हुनुहुन्छ । यतैतिरका हिजका कैलाशपतिको विचारले नै मैले कलियुगका कौरवहरूसँग लडाइँ लडेर शक्ति आर्जन गरेको हुँ । दक्षिणतिरका शक्तिपीठहरूको कुदृष्टि पर्नाले आज म शक्तिहीन भएर महादेवले सतिदेवी लास वोकेर चौध भुवन भौंतारिएझैं कार्यकारी शक्तिको सपना बोकेर भौंतारि इरहेको छु महाराज । यो भक्त खासमा हजुरकै शरणमा पर्न आएको छ । निगाहा भएर पुनः गुमेको शक्तिको बरदान पाऊँ ।' *३१ भदौ २०७५*

# वामपन्थी भनेको ओली–दाहालले झुण्ड्याउने ट्याग मात्र हो



**❑ ईश्वरचन्द्र ज्ञवाली, अध्यक्ष- अखिल नेपाल जनसांस्कृतिक महासंघ**

***प्रतिष्ठानको सातौं प्राज्ञसभा भर्खरै सम्पन्न गर्नुभएको छ। प्रगतिका हिसाबले कस्तो अनुभूति भएको छ ?***

प्रतिष्ठानको प्रगतिका हिसाबले सातौं प्राज्ञसभाले एक निश्चित कार्ययोजनालाई अनुमोदन गरेको छ । यसले वार्षिक कार्ययोजनाहरूलाई कार्यान्वयनका लागि अधिकार पनि प्रदान गरेको छ ।

***यो बेलामा केही गुनासाहरू पनि आएका छन्, प्राज्ञिक कामहरू अघि बढाउन सकिएन भनेर। समस्या केले ल्यायो ?***

हामीलाई भौतिक संरचना निर्माणका कामले अलि बढी व्यस्त बनायो । यसले गर्दा हामीले प्राज्ञिक कामहरू अघि बढाउन समय पाएनौं पनि । खास गरी वैचारिक उन्नयनका कामहरूलाई त्यति धेरै अघि बढाउन सकेनौ । यसमा थप विभिन्न कारणहरूले पनि भूमिका खलेका छन् ।

एउटा कुरा के हो भने हामीले विभिन्न कार्यक्रमहरू तर्जुमा गर्‍यौं, तर ती सफल हुन सकेनन् । कतिपय कामहरू त हामीले सम्पन्न पनि गरेका छौं । प्रतिरोध कविता कार्यक्रम यसमा पर्न आउँछ। यसले राम्रो प्रभाव पनि पारेको छ । तर पनि हामीले गर्ने भनेका र अरुले अपेक्षा गरेका अनुसार हुन सकेनन् । हामीले भौतिक गतिविधिमै बढि ध्यान दियौ र समय खर्च गर्‍यौं ।

***पछिल्लो चरणमा आएर प्रगतिवादी धारका मानिसहरू नवसंशोधनवादी धारमा समाहित हुन पुगे। अब यो धारको रक्षा कसरी होला ?***

क्रान्तिकारी धारको एउटा ठूलो पंक्ति क्रान्तिप्रति गद्दारी गर्दै जनताप्रति विश्वासघात गर्दै संसदवादी कित्तामा र प्रतिक्रियावादी वर्गको सेवामा समर्पित हुन पुगेको छ । यो क्रान्तिकारी धारामा भएको एक ठूलो क्षति हो । उनीहरूले विचार, वर्ग र सपनालाई त्यागेर गएका छन् । आफूले आफैलाई ढाँटे, जनताका बीचमा गरिएका प्रतिज्ञाहरू, प्रतिवद्धताहरू र सपना तथा संकल्पहरू सबैलाई लात हाने ।

उनीहरूले जे कुरा परिवर्तन गर्ने भनेका थिए, उनीहरू त्यसैमा समाहित हुन पुगे । उनीहरू पश्चगामी समाजमा विलय हुन पुगेका छन् । उनीहरू भारतीय विस्तारवादकै नोकर र दास हुन पुगेका छन् । समाज परिवर्तन होइन, आफै परिवर्तित भए। उनको प्रतिवद्धता उल्टियो ।

मलाई योसँगै के पनि लागिरहेको छ भने जहाँ यिनीहरू विलय हुन पुगे र यही नै सबैथोक हो भन्ने ठानेका छन्, तर त्यसले नेपालको राष्ट्रियता र मुक्तिको पक्षमा कुनै समाधान दिन सक्तैन । वर्गीय हिसावले पनि यिनीहरू परिवर्तनका पक्षधरहरू होइनन् । वापन्थी भनेको यिनीहरूको झुण्ड्याउने ट्याग मात्र हो । सारमा यिनीहरू प्रतिक्रियावादमा नै रूपान्तरण भएका छन् । यिनले न त गरीब किसानको पक्षका काम गर्न सक्छन् न त देश र जनतालाई मुक्तिको बाटोमा हिंडाउन सक्छन् । यिनका विरुद्धमा जनता सुस्त सुस्त सडकमा ओर्लिन थालेका छन् । जनतामा यिनका विरुद्ध उत्रने भाव क्रमशः अंकुराउन थालेको छ ।

यिनलाई जसले भोट दिए, उनैले भन्ने गरेका थिए- यिनीहरू कम्युनिष्ट होइनन्, तर भोट दिन्छौं । यी कम्युनिष्ट नामधारी प्रतिक्रियावादी हुन् प्रस्ट नै भनेका थिए । जनताले यसो भनिरहनु र भोट दिइरहनुमा केही बाध्यात्मक परिस्थितिहरू पनि सिर्जना भएका थिए । यिनीहरू विचारका हिसाबले सिद्धिएका छन् ।

***जनताका बीचमा विचार लैजाँदा कलात्मक रूपमा लैजानु पर्छ। सांस्कृतिक कर्मीहरू जान र लान सकिने अवस्था छ ?***

सांस्कृतिक कलाकर्मीहरूको पंक्ति निर्माण गरिने काम असाध्यै महत्वपूर्ण काम हो । मान्छेका मन र भावनाहरूलाई छुन वा सम्बोधन गर्नका लागि कला निकै प्रभावकारी अस्त्र हो । सामान्य भाषण र लेखहरूमा त्यो कमै पाइन्छ । यो दार्शनिक रचनामा पनि कम नै पाइन्छ, यो आम जनताले बुझ्ने भाषा वा अभिव्यक्ति पनि हो । यसले विचारलाई जनताको हृदयसम्म पुर्‍याउन निकै सहयोग गर्दछ ।

समस्या हामीलाई के परेको छ भने कलाकार निर्माण र परिचालनमा व्यवस्थापकीय समस्या प्रमुख बनेर आएको छ । यसमा कलाकारको आफ्नो कला क्षमताको विकास, प्रदर्शनको अभ्यास, बाद्यबादन सामग्रीहरूको अभाव, गीत रचना र संगीतको समस्या आदि समस्याका रूपमा देखा परेका छन् । हामी घेरमा परेको जस्तो पनि भएका छौं । प्रतिगामी र साम्राज्यवादी शक्तिहरूको घेरामा परेको जस्ता पनि भएका छौं ।

यस अवस्थामा हामीहरूले उक्त कार्यभारलाई पूरा गर्न सकिरहेका छैनौ । यो कामका लागि हामी फेरि जागत हुन जरुरी छ । हामीले फेरि अभियान नै बनाएर अघि बढ्नु पर्छ ।

***तपाईहरूले सोचेका विचार प्रवाहका गतिविधिहरूमा वर्तमान सरकारले जारी गरेका निरंकुश आचार संहिताहरूले कत्तिको असर पार्ने देख्नु भएको छ ?***

जनविरोधी सरकारले जति पनि करहरू लगाउँदै जान्छ, उतिउति जनताहरू त्यसका विरोधमा उत्रने गर्दछन् । राज्यले थोपर्ने उत्पीडन, दमन र अन्याय बढ्दै जाँदा जनतामा आक्रोश बढ्दै जान्छ । वर्तमान वाम भनिएको सत्ताले जे गरिरहेको छ, यसले जनतालाई अत्याइरहेको छ र विरोधी कित्तामा धकेलिरहेको छ । जनतामा आक्रोश जन्मिइरहेको छ ।

लडेर ल्याइएको गणतन्त्र आज जनताका लागि बिरानो भएको छ । विचार अभिव्यक्तिका क्रममा पनि जनतालाई लगेर थुन्ने र जेल हाल्ने गरिरहेको छ । जेल हाल्नु र थुन्नु भनेको विचार माथिको प्रतिबन्ध हो । जुन प्रक्रिया सरकारले अपनाइरहेको छ, यसले जनतामा वितृष्णा ल्याइरहेको छ । यसले राष्ट्रियताका कुरा गर्छ, जनताले पत्याउँदैनन् । यसले समाजवाद निर्माणका कुरा गर्छ, जनताले रत्तिभर विश्वास गर्दैनन् । यिनले राष्ट्रिय समाजवादका कुरा गरिरहेका छन्, त्यो हिटलरी समाजवादको कुरा हो । त्यसैलाई अनुसरण गर्दै समाजवादका कुरा गरिरहेका छन् । यो सबै नाटक हो । यसका पछाडी रहेको बहुमतको उन्माद उनीहरूमा जेजति छ, यसले उनीहरूलाई अझ बढी निरंकुश, तानाशाही र अत्याचारी तथा जनविरोधी बनाउँदै लगिरहेको छ। यसले फासिष्टीकरण गर्दै लगेको छ। यो फासीवादीकरण भनेको हिटलरको फासीवादको छायाँ हो ।

***थप कार्यक्रमहरू अरु केही भए ... ?***

हामीले केही कार्यक्रमहरू त बनाएका पनि छौं । यसलाई कार्यान्वयनमा लैजाने छौं पनि । अहिले हामीले शक्ति प्रदर्शनका कुरा भन्दा पनि प्रचारात्मक नै बढी बनाउने छौं । यिनीहरू सत्तासुदृढीकरणका नाममा निरंकुशतातिर लागेका छन् । जनताले उनीहरूको चरित्र भोग्दै गइराखेका छन् ।

अब जनता हाम्रो साथमा आउने छन् । हामीले जनतालाई घरदैलोमा गएर जागृत पार्नुपर्छ ।

***अन्त्यमा केही भन्नु छ ?***

देशमा गणतन्त्र आएको भने पनि र लोकतन्त्रको फलाको जति हाले पनि जनतामा राज्यले उही सामन्ती संस्कृति थोपरेको छ। हिजो जड र प्रतिक्रियावादी संस्कृति कायमै छ । वैचारिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रहरूमा गहिरिएर हेर्‍यौं भने हिजोको पञ्चायत र आजको गणतन्त्र उस्तै छ । राजतन्त्रकाल र गणतन्त्र कालमा सारमा कुनै भिन्नता छैन । हामी जनताका मौलिक संस्कार र संस्कृतिहरू निर्माण गर्न अघि बढ्नु पर्छ ।

# अविभावकत्व प्राप्त गर्दा वर्गसंघर्ष प्रकाशमय देखिन्छ



**❑ प्रा. डा. जगदीशचन्द्र भण्डारी, अध्यक्ष- नेपाल राष्ट्रिय प्राध्यापक संगठन**

***जनयुद्ध गरेर घुमीफिरी उही संसदवाद आयो । विचारदर्शनमा सर्वहाराले वैचारिक अस्त्र र सर्वहारामा विचारदर्शनले भौतिक अस्त्र भेट्छ भनेको त भेटेन नि ?***

इतिहासमा के देखिदो रहेछ भने जुन वस्तु बाहिर देखिन्छ, भित्र त्यो त्यस्तै हुँदो रहेनछ । त्यो पहिचान हुन नसक्दा पहिचान गर्न र ठम्याउन नसक्दा ती पात्रहरू वा नेतृत्वकर्ताहरू अथवा आन्दोलन आफैमा गलत ठाउँमा पुगेर समापन वा विसर्जन हुन पुग्दो रहेछ। हामीले संसारभरको इतिहासलाई नियालेर हेर्‍यौं भने सही विचारसँग वस्तुको प्रत्यक्षीकरण भयो भने मात्र यसले एउटा सही परिणाम देखाउँदो रहेछ ।

यदि त्यहाँनेर कहीं कतै गडबडी भयो भने इतिहासलाई यसले गलत मोड दिने गर्दो रहेछ । हेर्दा सोलोडोलो देखिने, राम्रो देखिने, लिपापोती देखिने कुराले गलत ठाउँमा लैजाँदो रहेछ। यसले सर्वहारा वर्गीय अन्दोलन गलत ठाउँमा पुर्‍याउँदो रहेछ। एसतहासको यो तीतो यथार्थ हो। नेपालमा पनि यो कुरा दोहोरियो ।

***यो गडबडी हुन नदिन कसी के हो ? छ केही ?***

यो त सामाजिक अध्ययन, इतिहासको पाठ, इतिहासको अनुभव अनि वस्तुवादी खोजबाट मात्र पत्ता लाग्छ । यदि हामीले कुनै वस्तुलाई हेरेर त्यसका अवयवहरूलाई मात्र केलाउन थाल्छौं भने त्यसले सत्यतातिर पुर्‍याउँदैन । हिजो पनि र आज पनि त्यसका परिव्यक्तिहरूका अध्ययन गर्न सकियो भने पछि मात्र त्यसलाई ठम्याउन पनि सकिन्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा त के हो भने मार्क्सवादी-लेनिनवादी-माओवादी विचारको आलोकबाट त्यसलाई हेर्ने, ठम्याउने र दिशा निर्धारण गर्ने पनि हो । मालेमावादी विश्व दृष्क्रिोणलाई हामीले यसको मुख्य कसीका रूपमा लिनु पर्दछ। यो दृष्टिकोणकै आधारमा यो आन्दोलन, नेतृत्व, व्यक्ति, संघर्ष र सबै थोक ठीक छ वा छैन भनेर हेरिनु र जाँचिनु पर्छ । यसको विधि आफैमा द्वन्द्ववादी छ र यसले संसारलाई द्वन्द्वमय बनाएको पनि छ। समाज, व्यक्ति, संगठन, नेता, संघर्ष, आन्दोलन आदिको पहिचान त्यसैको आधारमा गरिनु पर्छ ।

नेपालको सन्दर्भमा यी बारेमा हामीले अधिभूतवादी दृष्टिकोण वा आंशिक वा अवयवमा ध्यान दिएका थियौं होला। यसैमा हामीमा गडबडी भयो होला । हामी कतै न कतै बढी प्रभावित भयौं होला पनि । यदि इतिहासका पात्रहरूको पहिचान हुन सकेन, नेतृत्वको पहिचान हुन सकेन भने मत संघर्षहरू, वर्गसंघर्षहरू, आन्दोलनहरू, जनसंघर्षहरूले परिणम प्राप्त गर्न सक्दैनन् र सकेनन् पनि ।

अथवा यो पनि हुन सक्छ कि नेतृत्व विचलित भयो, स्खलित भयो र क्षरित भयो । नेतृत्वको यो क्षरण हुने कुरा भने एकैचोटी हुने कुरा होइन । यो विस्तारै मन्दमन्द गतिमा हुन्छ । यो वैचारिक सुक्ष्मताको अभावमा हुने गर्दछ ।

***आम जनताका कुरा के छन् भने शान्ति प्रक्रियामा आएर माओवादी सिद्धिए । कसो गरी बुझाउन सकिएला ?***

यसलाई सामान्य जनताले पनि प्रयोगमा लिइरहेका छन् । वर्गसंघर्षबाट ऊ पनि टाढा त छैन। ऊ पनि वर्गसंघर्षमा हिंडिरहेको छ। जनताको एकखाले प्रवृत्ति त हुन्छ। उसले व्यवहारबाट मात्र थाह पाउने हो । वैचारिक रूपमा थाह पाउनेले पहिले नै थाह पाउँछ ।

इतिहासले पनि यही नै देखाउँछ । नेतृत्व विस्तारै वुर्जुवाकरण हुँदै जाने, वर्गोत्थान हुँदै जाने, स्खलित हुँदै जाने गर्दछ । जनताले यो विस्तारै बुझ्दै जान्छन् । वर्गसचेतले यो कुरा पहिले नै देखिसकेको र बुझिसकेको हुन्छ। यो एकै चोटी बुझ्ने हुँदैन ।

यसका पनि चरणहरू क्रमहरू हुने गर्दछन् । सुरुमा मानिसले निकै क्रान्तिकारी देख्छ, तर पछि आएर उही नै भागेर हराउन सक्छ । शान्ति प्रक्रियाले पो नेतृत्व सिद्धियो भन्ने कुरा दक्षिणपन्थी सोचको उपज हो । विचारमा नेतृत्व पहिलेदेखि नै सिद्धिइरहेको थियो । दक्षिणपन्थी सोचले खाल्डोमा नपुग्दासम्म देख्दै देख्दैन । यो भनेको उसको निम्नस्तरको चेतनाले गर्दा हो ।

सचेत मानिसले कारणबाट नै उसको कार्यलाई पहिल्यै ठम्याउँछन् । तर न्युन चेतना भएकाहरूले यो देख्दैनन् । कार्य भइसकेपछि मात्र थाह पाउँछन् । उनीहरूले नेतृत्व, संघर्ष र वर्गलाई चिन्न गाह्रो पर्छ ।

***कसरी चिन्ने ?***

वर्ग संघर्षको स्वरूप कहिले देखिने गरी आउँछ, कहिले नदेखिने गरी । विस्तारित भएको कोशी नदी सबैले देख्छन् । तर सेती नदी कमैले देख्छन् । तर गहिरिएर हेर्न थाल्यो भने देखिन्छ पनि ।

यसरी नै कसैका स्खलन र क्षयीकरण उसका गतिविधिमा देखिन्छ । व्यवहारमा देखिन्छ । आचरणहरूमा देखिन्छ । स्थुल छ भने देखिन्छ, तर सुक्ष्म छ भने देखिदैन । तीब्रता र मन्दतामा चलायमान हुन्छ वर्ग संघर्ष ।

संघर्ष कम हुँदै जाँदा संसार नै हरायो जस्तो लाग्न सक्छ। गति नै अवरुद्ध भयो जस्तो लाग्न सक्छ। तर त्यसो होइन। यस्तो अवस्था सधै रहिरहँदैन ।

***वर्गसंघर्ष निरन्तर हुन्छ ?***

वर्ग संघर्ष निरन्तर चलिरहन्छ । यसलाई पनि हेर्ने आँखा हुनु पर्छ । मार्क्सभन्दा अगाडि कसैले वर्गसंघर्ष देखेन। तर मार्क्सले देख्नु भयो । त्यसपछि लेनिन र माओले देख्नु भयो । किन त ? उहाँहरूमा विचार थियो । उहाँहरूले द्वन्द्वशील बस्तुहरू देख्नु भयो । र, वस्तुभित्रको गतिशीलता र प्रतिपक्षता देख्नु भयो ।

यसलाई उहाँहरूले संघर्षमार्फत् देखिने गरी ल्याउनु भयो। वर्गसंघर्ष समाजमा कहिले टुहुरो झैं भएर देखा पर्दछ, तर कहिले भने अविभावक बनेर देखा पर्दछ । अविभावकत्व प्राप्त गर्दा वर्गसंघर्ष चम्किलो भएर देखा पर्दछ। प्रकाशमय देखिन्छ ।

# 'पत्रकार न्यौपानेमाथि गुण्डागर्दी गर्नेलाई यथाशीघ्र पक्राउ गर'

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ बाँकेका सदस्य हेमराज न्यौपानेमाथि गुण्डागर्दी गर्नेहरूको एक समूहले २०७५ भदौ २७ गते राती विनाकारण एक्कासी धारिलो हितयार प्रयोग गरी गरिएको आक्रमणप्रति आफ्नो संगठनको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । महासंघका अध्यक्ष ईन्द्र राउतद्वारा हस्ताक्षरित विहीवार प्रेसित एक विज्ञप्तिमार्फत् उक्त कुरा जनाइएका हो ।

विज्ञप्तिमा उक्त गुण्डागर्दीको घोर विरोध एवम् तीव्र भर्त्सना गरिएको छ साथै आक्रमणकारीहरूलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न सरकारको गृहप्रशासनसित जोडदार माग पनि गरिएको छ ।

देशमा राज्यसत्ता र सरकार संरक्षित केही अवाञ्छित घटनाहरू देशभर फैलँदै गएको स्थितिप्रति गहिरो चिन्ता व्यक्त गर्दै विज्ञप्तिमा भनिएको छ- 'पछिल्ला केहीदिन यता देशव्यापी पत्रकारहरूमाथि आक्रमण गरिएका घटनाहरू बढेर गएका छन् । एकातिर राज्यले ल्याएको मुलुकी (फौजदारी र देवानी) संहिताले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि राज्य पक्षबाट हस्तक्षेप भए गरिएका घटनाहरू सार्वजनिक भइरहेका छन् भने अकोर्ितर विभिन्न अपराधिक तथा भ्रष्ट छवि भएका व्यक्तिहरूको निशानामा पनि पत्रकारहरू पर्दै आएका छन् । भयरहित वातावरणमा पत्रकारिता गर्ने तथा पत्रकारहरूको पेशागत एवम् भौतिक सुरक्षाको प्रत्याभूति हुने वातवरण निर्माणका लागि हाम्रो संगठन सरकार सित विशेष माग गर्दछ ।'

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाएर अभिव्यक्ति स्वतन्त्रतामाथि नै बन्देज लगाउन खोजेको र सरकार विस्तारै तानाशाही बन्दै गएको कुरालाई इंगित गर्दै विज्ञप्तिमा थप भनिएको छ- 'यसै सिलसिलामा समाचार लेखेकै कारण हत्कडी लगाएर प्रहरी हिरासतमा राखिएका पत्रकार राजु बस्नेतदेखि भौतिक आक्रमणमा परेका पत्रकार न्यौपानेसम्मका घटनाहरूप्रति राज्यलगायत सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउँदै हाम्रो संगठन पत्रकार बस्नेतको अविलम्ब विनाशर्त रिहाई र पत्रकार न्यौपानेमाथि आक्रमण गर्नेहरूलाई पक्राउ गरी कडा कारबाही गर्न पुनः जोडदार माग गर्दछ । साथै, प्रेस, अभिव्यक्ति तथा विचार स्वतन्त्रतालाई प्रतिबन्ध लगाउने गरी ल्याइएको मुलुकी संहिताका प्रावधानहरूलाई अविलम्ब खारेज गर्न समेत पुनः जोडदार माग गर्दछ ।'

यदि यस्ता घटनाहरू जारी रहेमा पत्रकारहरू सडकमा ओर्लिएर निरंकुशता विरुद्धको पत्रकारितालाई सडकबाटै जारी राख्ने चेतावनी दिंदै 'प्रेस, अभिव्यक्ति तथा विचार स्वतन्त्रताको पक्षमा उठ्दै गरेको आन्दोलनलाई कार्यदलको नाममा निस्तेज नपारियोस्, त्यसो गर्न खोजिए श्रमजीवी, जनपक्षीय तथा क्रान्तिकारी पत्रकारहरूले त्यसको कडा प्रतिवाद गर्ने र आन्दोलनलाई नयाँ ढंगले अगाडि बढाउने चेतावनी पनि यसै वक्तव्यमार्फत् दिन चाहन्छ' भनिएको छ ।

# संसदमा संकटकाल १७ वटा विधेयक पारित गरिंदै

काठमाडौं । संसदले निर्माण गर्नुपर्ने मौलिक अधिकारसम्बन्धि कम्तिमा १७ वटा विधेयक त्यसै बाँकी छन् । ती विधेयकमा के छ र कस्ता छन् भन्ने कुरा विधेयका पारित गर्ने संसदहरूलाई पनि थाह छैन । हरेक विधेयक कानुनका रूपमा पास हुँदा मानिनु पर्ने सार्वभौम मान्यता भनेको 'विधायिकाको मनसाय' हो ।

जव कि विधायक वा संसदहरूलाई यसका बारेमा केही पनि जानकारी र अत्तोपत्तोसम्म पनि छैन । यी १७ वटा विधेयकहरू ५ दिनभित्र पास गरिसक्नु पर्छ । यसलाई फास्ट ट्र्याकमा लैजाने नाममा यी विधेयकहरूको अध्ययन, बहस र सम्बन्धित सरोकारवालाहरूको राय सुझाब लिने सबै प्रक्रियालाई हटाउन र कटाउन 'नियम निलम्बन' गरिने भएको छ । त्यसपछि ती सबै अध्यादेशका रूपमा पास हुने छन् । यो भनेको संसदभित्र विधेयक पास गर्दाको संकटकाल लागु गरिनु हो । जहाँ सांसदहरू घोप्टो मुन्टो लगाएर चिम्म गरी टेबुल ठोकेर जे पनि पास गरिदिन्छन् ।

यो बेलामा विधायकको मनसाय होइन, विधायकको थपडीमात्र आवश्यक हुन्छ, त्यो पनि संकटकाल लगाएर । यो संकटकाललाई 'द्रुत मार्ग'को नामाकरण गरिएको छ । यो द्रुत मार्ग अन्तर्गत १२ घण्टाभित्रै १७ वटा विधेयकहरू पास गरिने भएका छन् ।

यसले सरकार निरंकुश बन्दै गएको स्वतः प्रतित हुन्छ । यसका साथै के पनि आशंका गरिएको छ भने जसमाथि नियमन हुनु र गरिनु पर्ने हो उसैलाई उन्मुक्ति दिने गरी यी विधेयकहरू ड्राफ्ट गरिएका छन् । यी विधेयक जनविरोधी र दलाल, नोकरशाह तथा बिचौलियाको स्वार्थ अनुसार ड्राफ्ट गरिएका छन् ।

यो जनविरोधी चरित्रलाई लुकाउन पनि संसदमा संकटकाल थोपरिन लागिएको छ ।

## कञ्चनपुरमा तीन जना मृत फेला

# निर्मला हत्या प्रकरणमा आन्दोलन जारी

● धनन्जय अवस्थी

कञ्चनपुर । कञ्चनपुरको भिमदत्त नगरपालिका २को महाकाली उल्टाखाम नहरमा शनिबार बिहान ८ बजे एकजना बृद्ध महिलाको शव फेला परेको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका अनुसार मृत शव स्थायी घर दैलेख भएकी ५५ वर्षीय आईती सार्कीको हो । उनी लामो समयदेखि कञ्चनपुरको सब्जीमन्डी खोका छाप्रोमा तरकारी बेच्दै आइरहेकी थिइन् । घटना किन र के उद्देश्यका लागि भयो भनेर प्रहरीले थप अनुसन्धान अगाडि बढाएको छ ।

त्यसैगरी, शनिबार नै कञ्चनपुरमा आफ्नो श्रीमानले बन्चरो प्रहार गरी श्रीमतीको हत्या गरेको छ । कञ्चनपुरको भिमदत्त नगरपालिका ९ ब्रहमदेव खल्ला मुसुट्टी टुँडिखेलमा ३७ वर्षीय पुरुष चन्द्र पुन मगरले आफ्नो श्रीमती ३४ वर्षीया बिमला देवी पुनलाई बन्चरो प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ । चन्द्र पुन मगरले रक्सी सेवन गरी हत्या गरेको प्रारम्भिक अनुमान गरिएको छ । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

शनिबारै साँझ ४ बजेतिर एकजना अर्को बृद्धको शव मृत अवस्थामा फेला परेको छ । महिलाको शव फेला परेको स्थान नजिकै अर्को एक बृद्ध पुरुषको शव फेला परेको हो । भिमदत्त नगरपालिका वडा नं. २ भाषि महलिया महाकाली नहरको छेउमा उक्त बृद्धको शव फेला परेको थियो । मृत अवस्थामा भेटिएका बृद्ध ५७ वर्षीय भिमलाल शर्मा रहेको प्रहरीले जनाएको छ ।

कञ्चनपुरमा निर्मला हत्या प्रकरणमा संलग्न रहेका दोषीहरूको अहिले सम्म पहिचान हुन नसकिरहेको र निर्मलाका हत्याराहरू माथि कडा कारवाहीको माग राखी देशैभर विरोध प्रदर्शन भइरहेको अवस्थामा भेटिएका शव बृद्ध, बृद्धा लगायतको हत्या माथि प्रहरीले अनुसन्धान भईरहेको जनाएको छ । कञ्चनपुरमा अहिले पनि निर्मला पन्त हत्याको बिरोधमा आन्दोलन जारी रहेको छ भने काठमाडौं उपत्यका लगायत देशका मुख्य शहरहरूमा पनि विरोध प्रदर्शन भईरहेको छ ।

यसैबिच, कञ्चनपुरमै दुई बालिका बलात्कृत भएको घटना सार्वजनिक भएको छ । जिल्लाको बेलडाँगी गाउँपालिकाका दुई बालिका दुई साता अघि बलात्कृत भएको भन्दै आफन्तले शनिबार प्रहरीलाई उजुरी गरेपछि घटना सार्वजनिक भएको हो । प्रहरी स्रोतका अनुसार प्रहरीले बेलडाँगी-२ का ५७ वर्षीय राजेन्द्र विष्टलाई बलात्कारको आरोपमा पक्राउ गरेको छ । विष्टले भदौ १५ गते शुक्रबार दुवै बालिका स्कुलबाट घर तर्फ फर्कने क्रममा मिठाई दिने भन्दै फकाएर घरमा लगि बलात्कार गरेको पीडित परिवारले उजुरीमा उल्लेख गरेका छन् । दुबै बालिका घरदेखि ३० मिनेटको दुरीमा रहेको स्थानीय स्कुलको कक्षा दुईमा पढछन् ।

# पहिरोले बडीगाई नदी थुनिंदा १ किमी क्षेत्र जलमग्न, पीडितले पाएनन् राहत



बाग्लुङ । भदौ २९ गते राती बाग्लुङ ढोरपाटन नपा- २ को टुरटुरे र बडीगार्ड गापाको वडा नं. ७ को बीचमा पर्ने टुरटुरे भन्ने ठाउँमा गएको पहिरोले बडीगार्ड नदी थुनिदा अन्दाजी १ किमी क्षेत्र जलमग्न भएको छ । पहिरोले नदी छेकेको करिब १२ घण्टापछि नदी ओभर फ्लो भएर बगेपनि पहिरोले अहिले पनि ढोर पाटन नपाको २ को सिमलचौर र मलकटीवाङ्का दर्जनौ व्यक्तिहरूको घर, गोठ र खेतबारी जलमग्न अवस्थामा रहेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का बाग्लुङ इन्चार्ज निलबहादुर पुनले दिएको जानकारी अनुसार पहिरोबाट नदी थुनिदा सिमलचौरका देवीराम कुमाल, सिमलचौरको एक घर, एक गोठ र ६ रोपनी खेत, कृष्ण बहादुर कुमालको १ घर, १ गोठ, १ कुखुरा फारम र ६ रोपनी खेत, रामबहादुर कुमालको १ गोठ, ६ रोपनी खेत, १० रोपनी पाखो, चुरा बहादुर कुमालको ३ वटा गोठ, ३ वटा

गोरु अन्दाजी २५ रोपनी खेत, श्री जाल्दी प्रा.वि.को भवन निर्माण गर्न खरिद गरिएको ३ रोपनी जग्गा, सिमलचौरका नेत्रबहादुर कुमलको ५ रोपनी पाखोबारी, लोकबहादुर खत्रीको अन्दाजी ७ रोपनी खेत, डम्बर बहादुर खत्रीको ७ रोपनी खेत, भवानसिंह कुमालको अन्दाजी ८ रोपनी खेत, ध्रुव कुमालको अन्दाजी ६ रोपनी खेत, देवबहादुर कुमालको अन्दाजी १० रोपनी खेत, मल्कतीवाङ्का अनबहादुर थापाको अन्दाजी ५ रोपनी खेत, दिलबहादुर थापाको अन्दाजी ४ रोपनी खेत, रुद्र थापाको ४ रोपनी खेत, मनबहादुर थापाको ४ रोपनी खेत, लक्ष्मुमन थापाको १५ रोपनी खेत, गंगबहादुर थापाको अन्दाजी १५ रोपनी खेत, दुर्गाबहादुर थापाको अन्दाजी १५ रोपनी खेत, साइली थापाको अन्दाजी ८ रोपनी खेत, जेठा (लाटा)को अन्दाजी १५ रोपनी खेत, सिमलचौरका बालनरसिंह कुमालको डेढ रोपनीमा लगाएको तरकारी खेतीमा क्षति पुगेको छ ।

पहिरोग्रस्त क्षेत्रमा उद्दार गर्न र भएको क्षतिको तथ्याङ्क संकलन गर्न नेता पुनको नेतृत्वमा क्रान्तिकारी माओवादी, देजमोका नेता कार्यकर्ताहरूको एक टोली घटनास्थल पुगेको थियो । टोलीमा देजमो बाग्लुङका सचिवालय सदस्य हेमेन्द्र घर्तीमगर, गोकुल अर्गेजा, गुन्जबहादुर भण्डारी, विरबहादुर विक, गंगबहादुर घर्ती, लालबहादुर पुन, विश्वध्वज पुन लगायत सहभागी रहेका थिए । क्रान्तिकारी माओवादीले प्राकृतिक विपत्तिको यति लामो समय वितिसक्दा पनि पीडितले क्षतिपूर्ति र राहत नपाएको भन्दै सरकारसँग राहत र क्षतिपूर्तिको माग गरेको छ । बडीगाढ गाउँपालिका-९ र ढोरपाटन नगरपालिकाको सीमामा शुक्रबार राति करिब साढे ११ बजेतिर चट्टानसहिको पहिरो खसेको थियो । खोला थुनिएर एक किलोमिटर भन्दाबढी क्षेत्रमा ताल बन्दा सयौं घर जोखिममा परेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । ताल बनेको स्थानमा बिहानैदेखि गुल्मी र बाग्लुङका सुरक्षाकर्मी खटिएका थिए । बागलुङ वुर्तिवाङ्का खारा, खरवाङ, सिमलचौर, भिङ्गिठी, मजुवा, गुल्मीको वामी, रिडी लगायतका क्षेत्र जोखिममा परेको छ ।

यसैबीच, नेकपाका दोस्रो अध्यक्ष पुष्पकमल दाहालले निर्मला पन्तको बलात्कार-हत्या प्रकरणमा दोषीको खोजी गरिनुलाई नेकपाको बहुमतको सरकारविरुद्ध षड्यन्त्रका रूपमा व्याख्या गरेका छन् । विहीवार नेकपाका नेता लेखनाथ न्यौपानेले लेखेको 'संघर्षको इतिहास' नामक पुस्तकको विमोचन गर्दा दाहालले यस्तो अभिव्यक्ति दिएका हुन् । उनका अभिव्यक्तिहरू निकै अन्तरविरोधी, भ्रामात्मक र विसंगतिपूर्ण रहेका थिए । उनले हातमा संघर्षको दर्शन समाएर देशभरका जनताको राजनीतिक चेतना बढेकोमा निकै चिन्ता जाहेर पनि गरेका थिए । देश अराकतातिर गएको घोषणा पनि गरेका थिए ।

जनताले न्यायको खोजी गरेर बहुमतको सरकारको विरोध गर्ने आँट गरेको पनि भनन भ्याएका थिए । उनले बढेशकालमा घाँटी सुकाएर भन्ने गरेको जनवादी क्रान्ति पूरा भएको कुरा कसैले पनि नपत्याइदिएको गुनासो पनि गरेका थिए । उनले देशभर घटिरहेका महिला हिंसाका कुरा निकै लिपापोती गरेर 'सुन्नै अप्ठ्यारो हुने घटना'का रूपमा चित्रित गर्दै यो पनि बहुमतकै सरकारका विरुद्ध गरिएको षड्यन्त्र भनेका थिए । मानौं बहुमतको सरकार सिराउन देशभर महिला हिंसा भइरहेको छ । तर आश्चर्य श्री ३ जंगबहादुर राणा र श्री ५ महेन्द्रका मुलुकी ऐन र नयाँ मुलुकी ऐनलाई श्री ८ नेकपाको बहुमतको सरकारले देवानी तथा फौजदारी संहिताका नाममा रंगरोगन र अझ निरंकुश बनाउँदै ल्याउँदा पनि यो अराजकता रोकिने छाँटै देखेनन् उनले ।

उनी जनवादी क्रान्तिको मैदान छोडेर भागे, उनलाई जनताले गद्दार र भगौडा करार गरे । उनी कांग्रेससँग सहकार्य गर्न पुगे, जनताले नवप्रतिक्रियावादी भने । जब उनी एमालेमा बिलय भएर सिद्धिए, जनताले नव संभ्रान्त तथा नव दलालका रूपमा उनलाई प्रस्ट देखे । उनले अपरकर्णाली बेचे, जनताले राष्ट्रघाती देखे । उनले भारतीय विस्तारवादसँग देश र जनताविरोधी नयाँ संझौताहरू गरे, जनताले उनलाई लेण्डुप दोर्जे देखे । अहिले कालापानी बेचे, जनताले भारतीय दलाल देखे । दाहालले घाँटी सुकुन्जेल समाजवाद निर्माणका कुरा गरे, जनताले फटाह र ढँटुवा देखे । विकास र समृद्धिका कुरा गर्दै देशका नदीनाला र प्राकृतिक स्रोतसाधन भारतलाई सम्पिए, जनताले देशबेचुवा दलाल देखे । अहिले त कालापानी गायब पारिएको नक्सा र निशान छाप देशभर प्रयोगमा ल्याए । जनता आक्रोशित र उत्तेजित छन् । यसैलाई दाहालले बहुमतका विरुद्ध षड्यन्त्र भनी कुर्लिन थालेका छन् ।

देशभर निर्मला पन्तहरू बलात्कृत भई हत्या गरिएका छन् । प्रमाण नस्ट पारिएको छ । अपराधीको संरक्षण गरिएको छ । जनताका लागि सरकारको कहिं पनि उपस्थिति छैन । दाहालले त यो बहुमतको सरकार विरुद्धको षड्यन्त्र भनिरहेका छन् । निर्मलाको बलात्कारी र हत्यारा कतै बहुमतको सरकारको कुन ओहदामा रहेछ ? जनता त्यो कुरा थाह पाउन चाहन्छन् । दाहालले 'संघर्षको इतिहास' पुस्तक हातमा समाउँदा क्रान्तिकारी रोमाञ्चकताको कुरा पनि गरे । यिनको शिखण्डी ढोंग उपस्थित सबैले हाँसेर उडाइदिएका थिए ।

## बलात्कारीका...

छन् । जनदबाब बढेसँगै सरकारले आइतबार मात्रै निर्मला पन्त बलात्कार प्रकरणमा उच्च तहबाट छानविन गर्ने भन्दै प्रहरी प्रधान कार्यालयले डिआईजी धिरु बस्न्यातको नेतृत्वमा अर्को छानविन कमिटी गठन गरेको छ । उक्त समितिका सदस्यहरूमा एसएसपी निरजबहादुर शाही, डिएसपीहरू रमेश थापा, दधिराम न्यौपाने र कौशल बुढाथोकी सहित ९ जना रहेका छन् ।

यसअघि गठन भएको प्रहरी बरिष्ठ उपरिक्षक (एसएसपी) उत्तम सुवेदीको नेतृत्वमा गठित कमिटीलाई पुनर्संरचना गर्दै प्रहरी हेड्क्वार्टरले डिआईजी बस्न्यातलाई आन्तरिक अनुसन्धान गर्ने जिम्मा दिएको हो । घटनास्थलमा प्रहरी बरिष्ठ उपरिक्षक ठाकुर ज्ञवालीको नेतृत्वको अनुसन्धान टोली पठाएर नयाँ शिराबाट अनुसन्धान शुरु गरेको प्रहरी प्रधान कार्यालयले केही दिनअघि मात्रै एसएसपी उत्तम सुवेदीको नेतृत्वमा दोस्रो समिति गठन गरेको थियो । उत्तम सुवेदीको नेतृत्वमा गठित समितिलाई उच्चस्तरीय बनाउँदै गठन भएको बस्न्यात नेतृत्वको कमिटीले निर्मला हत्याकाण्डको अनुसन्धानमा संलग्न सिआईबी लगायतको निकायबाट खटिएका अनुसन्धानकर्ताहरूको भूमिकाबारे समेत छानविन गर्ने स्रोतको दावी छ ।

बस्न्यात नेतृत्वको कमिटीले केन्द्रीय अनुसन्धान ब्यूरोबाट त्यतिबेला अनुसन्धानका लागि कञ्चनपुर गएको डिएसपी अंगुर जिसी, तत्कालीन कञ्चनपुर प्रहरी प्रमुख (एसपी) डिल्लीराज विष्ट र अनुसन्धानमा संलग्न अन्य प्रहरी कर्मचारीको भूमिकाबारे छानविन गर्ने बताइएको छ । कञ्चनपुरका तत्कालिन एसपी विष्ट र केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले घटना भएको २४ दिनपछि अभियुक्त सार्वजनिक गरेका थिए । ब्यूरोको टोलीले अनुसन्धानपछि सार्वजनिक गरेका ४९ वर्षीय दिलिपसिंह विष्ट बलात्कारमा संलग्न भएको बारे स्थानीयले विश्वास नगरेपछि कञ्चनपुरमा जारी आन्दोलनले उग्ररूप लिएको थियो । अपराध अनुसन्धानमा अब्बल मानिने केन्द्रीय अनुसन्धान ब्यूरोको साख निर्मला बलात्कार प्रकरणमा खस्किएको छ । एउटै घट्नाले प्रहरी संगठनप्रति नकारात्मक छाप परेपछि प्रहरी प्रधान कार्यालयले अनुसन्धान अधिकारी माथि नै छानविन थालेको बताइएको छ । यसअघि अनुसन्धानको क्रममा संलग्न केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)का दुई डीएसपीसहित पाँचजना निलम्बनमा परेका थिए । अनुसन्धानमा लापरबाही गरेको भन्दै गृहमन्त्रालयले पाँच प्रहरी अधिकृतलाई निलम्बन गरेको थियो । गृहमन्त्रालयले प्रहरी नायव उपरीक्षक ज्ञानबहादुर सेटी, प्रहरी नायव उपरीक्षक अंगुर जिसी, प्रहरी निरीक्षक जगदिश भट्ट, प्रहरी निरीक्षक एकेन्द्र खड्का र प्रहरी सहायक निरीक्षक रामसिंह धामीलाई निलम्बन गर्न गृहमन्त्रालयले निर्देशन दिएको थियो ।

# बाँके र बर्दियाको अगुवा कार्यकर्ता प्रशिक्षण सम्पन्न

नेपालगञ्ज । 'संसदवाद, संशोधनवाद र दक्षिणपन्थी विसर्जनवादका विरूद्ध संघर्ष गरौं ! नयाँ जनवादी क्रान्ति पुरा गर्न वैचारिक स्तर उठाऔं !!' भन्ने मूल नारासहित बर्दियाको बासगढि स्थित सति सामुदायिक वनको सभाहलमा क्रान्तिकारी माओवादीका अगुवा नेता-कार्यकर्ताको प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा प्रदेश नम्बर पाँचका सेक्रेटरी केबी गुरुङले उद्घाटन गरेको प्रशिक्षण कार्यक्रमको सभापतित्व बर्दिया सेक्रेटरी लोकेशले गरेका थिए भने सञ्चालन बाँके सेक्रेटरी अर्जुनले गरेका थिए । कादरले कार्यक्रममा स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा पार्टी केन्द्रीय समिति सदस्य तथा बाँके बर्दिया इन्चार्ज भुपेन्द्र न्यौपाने, सल्लाहकार समिति सदस्य षिराम थारू लगायतको आतिथ्यता रहेको थियो ।

भदौ २५ र २६ मा सम्पन्न प्रशिक्षण कार्यक्रममा केवी गुरुङ, भुपेन्द्र न्यौपान लगायतका नेताहरुले प्रशिक्षण दिएका थिए । कार्यक्रममा बर्दिया र बाँकेका करिब सय जना नेता कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

# हार्दिक श्रद्धाञ्जली

जन्म मिति : २०२६।०४।२९



मृत्यु : २०७५।०५।२९

नेपाली एकता समाज भारत, पुनामा कार्यरत गुल्मी जिल्ला ठूलोलुम्पेक निवासी क. गोपीराम मिधुन मगरको ४९ वर्षको अल्पआयुमा हुन गएको असामयिक निधनले हामी मर्माहित भएका छौं । यस दुखद घडीमा शोकाकुल परिवारजनमा समवेदना प्रकट गर्दै मृतक क. गोपीराम मिधुन मगरप्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), गुल्मी**
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, गुल्मी ।**



# भोस्टोक महासैन्य अभ्यास सम्पन्न

काठमाडौं । आज सेप्टेम्बर ११ देखि १५ तारेखसम्म जम्मा ५ दिनसम्म लगातार रुसको भोस्टोकमा भोस्टोकमा लगातार गरिएको ठूलो सैन्य अभ्यास सकिएको छ । संयोगवस यो अमेरिकामा ट्वीन टावर ढलेकै दिनबाट सुरु भएको थियो । यो अभ्यासले रुसविराधी तथा विशेष गरी अमेरिकी समर्थक केही नजानिदो तर गहिरो खालको सैन्य सन्देश दिन खोजेको देखिएको छ ।

महाद्वीपका हिसाबले एशिया र र युरोपीय (त्यसमा पनि विशेष गरी अमेरिकी ध्रुव) का बीचमा हाल बढिरहेको तनावलाई तन्काउन पनि यसले काम गर्ने गरेको छ । तथापि रुसले यसलाई नियमित तर केही ठूलो सैन्य अभ्यासका रूपमा प्रचार गरिरहेको छ ।

यसमा केही कुराहरूले निकै महत्व राखेका छन् । पहिलो हो, यो आफैमा रणनीतिक महत्वको अभ्यास हो । यसले राजनीतिक, फौजी, प्राविधिक, क्षेत्रीय, महाद्विपीय आदि केही कुरामा गहिरो प्रभाव पारेको छ । हुन त यसलाई रुसी भाषामा 'भोस्टोक' भनिएको छ । यसको सामान्य अर्थ 'पूर्व' वा रुसको पूर्वीक्षेत्र भन्ने बुझिन्छ ।

दोस्रो कुरा, यो सैन्य अभ्यासबाट ठूलो सैन्य ताजगी प्राप्त भएको छ । हालसम्म निर्माण भएका अस्त्र तथा शस्त्रहरूको पनि प्रयोग र परीक्षण भएको छ । नयाँको प्रयोग र पुरानाको ताजगी भएको छ । अर्को महत्वपूर्ण कुरा भनेको सैन्य अभ्यासबाट जुसुकै अवस्थामा पनि रुस र चीन तम्तयार अवस्थामा रहेका देखिन्छन् ।

तेस्रो कुरा, यसको अभ्यास ठूलो स्केलमा गरिएको छ । यो महाद्विपीय



स्केलको छ । यसले विश्वयुद्ध भए पनि तयार रहेको सङ्केत गरेको छ । साथै संसार एक ध्रुवीय होइन, सैन्य रूपमा पनि दुई ध्रुवीय नै रहेको देखाएको छ ।

चौथो कुरा, चीन र मंगोलियाको सहभागिताले एशिया महादेशमा रुसको नेतृत्वमा ठूलो सैन्य अलाइन्स बन्दै गएको देखाएको छ । यसले रणनीतिक सैन्य सम्बन्धलाई विस्तार पनि गरेको छ । साथै, एकअर्काको सैन्य रणनीति तथा युद्ध कलाका बारेमा जान्न पनि सघाउ पुर्‍याएको छ ।

पाँचौं कुरा, अमेरिकी राष्ट्रपतिले 'नेटो' अब काम नै लाग्दैन भनिरहेको बेला 'वार्सा'को झझल्को दिने गरी यो सैन्य अभ्यास सम्पन्न भएको छ । साथै, अमेरिकाले 'स्टार वार'को कुरा गर्दा पृथ्वीमा नै उसलाई यो ठूलो चुनौती खडा गरिएको छ ।

यो सैन्य अभ्यासमा ३ लाख रुसी सैनिक प्रत्यक्ष सहभागी भएका छन् । यो महासैन्य अभ्यासमा ३६ हजार आधुनिक ट्यांकहरू, १ हजार भन्दा बढी आधुनिक लडाकु विमानहरू र रुसले भर्खरै निर्माण गरेका आधुनिक अस्त्रहरू यो अभ्यासमा प्रयोग गरिएको छ । यी अबका दिनमा 'टेस्टेड' भएका छन् ।

क्रेमलिनले भनेअनुसार 'आक्रामक र अमित्रवत' व्यवहारको जवाफमा यसो गरिएको पनि देखिन्छ । हाल १० लाख सैन्य शक्ति रहेको भनिएको रुसमा जल, थल र बायु गरी तीन थरीका सेनाहरू व्यवहारिक रूपमा नै सहभागी भएका छन् । यसमा चीनका तर्फबाट पहिले भनेअनुसार नै ३ हजार २ सय सेना, ९०० विभिन्न आधुनिक हतियार र ३० लडाकु विमान सामेल भएका थिए ।

रुसी स्टाफ जनरल भ्यालरी गेरासिमोभले भने अनुसार रुसले पछिल्लो चरणमा निर्माण गरेका अस्त्रहरू विहीवारको सैन्य अभ्यासमा सफलतापूर्वक प्रयोग गरिएका छन् । हालसम्म निर्मित रुसी सैंन्य अस्त्रहरूमा सबैभन्दा बढी चर्चामा आएका सुखोइ सु-३५ फाइटर जेट, सुखोइ सु-३४ फूलब्याक फाइटर बम्बर र अत्याधुनिक ट्र्यांक, ब्याटल ट्र्यांक तथा क्रुज मिसाइलको प्रयोग यो सैन्य अभ्यासका सबै भन्दा आकर्षक र खतरनाक अभ्यास मानिएका छन् ।

# जर्मन रोमन क्याथोलिक पादरीहरू तानिए यौनहिंसामा

काठमाडौं । जर्मनीमा रोमन क्याथोलिकहरूको धार्मिक पाखण्ड अक्षम्य रूपमा सतहमा देखा परेको छ । रोमन क्याथोलिक पादरीहरूले चर्चमा वालवालिकामाथि गर्ने गरेका यौन कुकृत्यका फेहरिस्त एकपछि अर्को गरी बाढी लागेर सार्वजनिक हुँदै गरेका छन् । यो संसारका लागि र विशेष गरी क्रिश्चियनका लागि सर्वाधिक लज्जा र विडम्वनाको विषय हो ।

बेलबेलामा यौनहिंसा र बलात्कारका घटनाहरू चर्चामा आउने र त्यसलाई ढाकछोप गरिने भए पनि पाप धुरीबाट कुर्लन्छ भने झैं पादरीका कुकृत्यहरू



ढाक्नै र लुकाउनै नसकिने भएपछि चर्चभित्र हुने गरेका वालयौनहिंसाका कुरा छताछुल्ल भएका छन् ।

हालको चर्चकै आन्तरिक अनुसन्धान अनुसार पनि जर्मनीमा ३ हजार पादरीहरू यस्ता कुकर्ममा मुछिएको पाइएको छ । हालसम्म तीबाट पीडित चार हजार बालबालिकाहरूकालाई उद्दार गरिएको जनाइएको छ भने अन्य कैयौंको खोजी भइरहेको बताइएको छ ।

हालसम्म बलात्कारका केसहरू पनि निकै आएका, तर तिनलाई साधारण अनुशासनको कारवाही मात्र गरिएको बताइएको छ ।

# २०० अर्ब डलर बराबर चिनियाँ सामानमा अमेरिकी कर



काठमाडौं । अमेरिकाले चीनबाट आयात गरिने २०० अर्ब डलर बराबरको सामानमा व्यापार कर लगाउने निर्णय लिएपछि चीनले त्यसको प्रतिक्रियास्वरूप अमेरिकी आयातमा पनि व्यापार कर लगाउने निर्णय लिइससकेको छ । अमेरिकाले चिनियाँ सामानमा लगाएको यो करमा पहिले भनिए जस्तो नभई केवल १० प्रतिशत मात्र भएको बताइएको छ ।

अर्कोतिर अमेरिकाले चिनियाँ प्रतिनिधिलाई बोलाएर व्यापार सम्बन्धमा छलफल पनि गर्न थालेको छ । चीनले यो निमन्त्रणालाई सहर्ष स्वीकार पनि गरिसकेको छ ।

करको हानथापलाई लिएर विश्वका सञ्चार माध्यमहरूमा व्यापार युद्धको खतरा भनेर समेत प्रचार गरिए पनि । तर व्यापार युद्ध नभई महाशक्ति देशहरूले आफूअनुकुल व्यापार करको आकार र दायरा विस्तारमा लागेको बुझिन्छ । यसबारे केही भ्रमहरू सञ्चार बजारमा यत त जानेर ल्याइएको छन् या त भ्रमबस ।

केही सञ्चारमाध्यमहरूमा शीतयुद्धको बेला जस्तो गरी अमेरिकी-चिनियाँ व्यापार युद्धलाई चित्रित गर्न खोजिएको छ । यो गलत हो । चीन आफैमा खुला बजार अर्थतन्त्रको पक्षमा छ । बरु अमेरिका संरक्षणवादी अर्थतन्त्रको पक्षमा साँगुरिन पुगेको छ । त्यसैले व्यापारिक अन्तरविरोध समाजवादी र पुँजीवादीको बीचमा होइन, पुँजीवादी र सामाजिक पुँजीवादीको बीचमा हो ।

विश्व व्यापारको व्यापारिक चित्र र समीकरण त कस्तो पनि देखिन थालेको छ भने अमेरिका प्रत्यक्ष रूपमा चीन र रुससँग साझेदारी व्यापार गर्न चाहन्छ । किनकि अमेरिका युरोपीयन युनियनसँग निरन्तर साझेदारी गर्नाले घाटामा गएको र हालको संरक्षणवादी अर्थनीति अबलम्बन गर्ने अवस्थामा पुगेको निष्कर्ष नजिक पुगेका हुन सक्छन् । विगत पुनरावलोकनको यो अवस्थामा ट्रम्प निकै लचकता र तरलताका विश्वभर डुल्ने र कुद्ने गरिरहेका छन् ।

## देजमो...

ऐरलाई निर्वाचित गरेको छ भने सदस्यहरूमा अजय बज्राचार्य, विजय बुढामगर, अन्जना शाही, अजय पौडेल, ननदलाल बाणे, श्री भागवत पण्डित, नवीन न्यौपाने, गोपालदास श्रेष्ठ, निमबहादुर गुरुङ, धनबहादुर श्रेष्ठ, संजय शाही, प्रेममसिंह ऐर, द्रोण पुन, भरत खड्का र खड्ग श्रेष्ठलगायतलाई चयन गरेको छ ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलालाई सम्बोधन गर्दै अध्यक्ष गजुरेलले काठमाडौं महानगरपालिकाको भूमिका अरुको भन्दा विशिष्ट महत्वको हुने भन्दै राष्ट्रपति, प्रधानमन्त्री, सरकार तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूका कार्यालय पनि काठमाडौंमा भएका र प्रचार तथा सबैको आशाको थलो पनि काठमाडौं नै भएकाले यसको महत्व झन् महत्वपूर्ण रहेको र क्रान्तिका तीन जादुगरी हतियारहरूमध्ये रहेको यस मोर्चाले यो महानगरमा नयाँ जनवादी सत्ता स्थापना गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न भेलालाई शुभकामना दिए ।

अध्यक्ष गजुरेलले विगतको १० वर्षे महान् जनयुद्धको स्मरण गर्दै भने 'हामीले गरेको त्यो महान् जनयुद्धले संसारलाई नेपालतिर फर्केर हेर्ने बनाएको थियो । त्यो संसारभरका उत्पीडित तथा श्रमजीवी जनताका लागि एक प्रेरणा, आशा, विश्वास र भरोसा बनेको थियो । त्यसैले आज महानगरमा बनेको यो समितिलाई यसको ३२ वटै वडामा विस्तार गरिने छ । मोर्चाले क्रान्तिको सांगठानिक आधार तयार पार्न कुनै कसर बाँकी राख्ने छैन ।'

'समृद्ध नेपाल र सुखी नेपाली'को नारा लगाएर जनताको भोट पाएको वाम भनिने सरकारले आज आएर देश बेचेर खाएको उल्लेख गर्दै गजुरेलले थपे, 'हालको वाम भनिने सरकार जनताका माझमा नांगेझार भएको छ, देश चर्को कर, महंगी, भ्रष्टाचार, हत्या, राज्यआतंक, बलात्कार र गुण्डागर्दीले आक्रान्त छ । क्रान्ति अब अपरिहार्य बनेको छ ।'

हालको ओली सरकार भारतीय मोदी सरकारको लाचार छाँया मात्र भएको उल्लेख गर्दै गजुरेलले भने, 'नेपाल भारतीय सैन्य क्याम्पमा गए देशले ठूलो दुर्घटना बेहोर्नुपर्ने छ ।'

त्यसैगरी भेलाका विशेष अतिथि तथा देशभक्त जनगणतान्त्रिक मोर्चा ३ नम्बर प्रदेशका संयोजक पवनमान श्रेष्ठले काठमाडौं विद्रोह तथा आन्दोलनको निर्णायक भूमि रहेको भन्दै नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्न अब मोर्चाले विद्रोहको केन्द्र बनाउन मुख्य भूमिका खेल्नुपर्ने विचार व्यक्त गरे ।

नेकपा (क्रान्तिकारी माओवादी) का केस तथा काठमाडौं जिल्ला इन्चार्ज सुरेश श्रेष्ठले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाका हिसाबले काठमाडौंको जिम्मेवारी निकै ठूलो रहेको चर्चा गर्दै पार्टी र क्रान्तिले सुम्पेको यो जिम्मेवारी पूरा गर्न पार्टी,संयुक्त मोर्चा, जबस/मोर्चा सबै एक ढिक्का भएर अगाडि बढ्नु पर्ने आवश्यकता औल्याए ।

ललितपुरको कुपण्डोलमा भएको उक्त भेलालाई भेलाका अतिथिहरू शारदा महत, इश्वर तिमिल्सिना, हरि कृष्ण गजुरेल, खगेन्द्र छन्त्याल, गोर्की श्रेष्ठ लगायतका नेताहरूले सम्बोधन गरेका थिए । भेलाको अध्यक्षता ईश्वर सायमीले गरेका थिए भने सञ्चालन नमस्ते सायमीले गरेका थिए । भेलामा स्वागत मन्तव्य बोधराज श्रेष्ठले राखेका थिए ।

## कालापानी...

महाकालीको वास्तविक सीमाना कुटीयाङ्दीदेखि कालापानीसम्मको भूभाग जोड्दा कूल ३१० वर्ग किलोमिटर नेपाली भूभाग भारतले मिचेको हुनाले यसको फिर्तिका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाले जनस्तरमा नै ठूलो जनआन्दोलनको उठान गरिने' बताएका छन् ।

कथित बहुमत र 'वाम' आवरणमा बनेको सरकारको दलाल तथा आत्मसमर्पणकारी चरित्रका कारण आज देशले यो विडम्बनापूर्ण स्थितिको सामना गर्नु परिरहेको स्थितिमाथि प्रकाश पार्दै गजुरेलले देशको राष्ट्रिय स्वाभिमानको रक्षा केवल देशभक्तिपूर्ण भावना र विचारबाट मात्र संभव भएको बताए ।

विरोध प्रदर्शनमा 'कालापानी लगायत अतिक्रमित नेपालका भूभाग फिर्ता गर', 'कालापानी, लिपुलेक र लिम्पियाधुरा हाम्रो हो', 'भारत अतिक्रमित भूभाग गायब पारिएका नक्शा तुरन्त हटाऊ', 'कालापानी हटाइएको सरकारी निशाना छाप तुरन्त हटाऊ', 'भारतीय विस्तारवाद मूर्दावाद', 'दलाल सकार मूर्दावाद', 'देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल जिन्दावाद', 'नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद' आदि नाराहरू लगाइएका थिए ।

कोणसभा कार्यक्रमको सञ्चालन देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल ३ नं. प्रदेशका संयोजक पवन श्रेष्ठले गरेका थिए । उनले देश अब सिक्किमीकरण र भुटानीकरणको दिशामा अघि बढेकाले आदोलनको विकल्प नरहेको बताएका थिए ।

## वरिष्ठ...

हिरामणि दुखी, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, कवि तथा लेखक मित्रलाल पंज्ञानी, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सदस्यहरू अनु निरौला, सागर श्रेष्ठलगायत अस्पताल पुगेका थिए । बरिष्ठ पत्रकार हुमागाईलाई भेटेर उनीहरूले स्वास्थ्यस्थिति बुझ्नुका साथै स्वास्थ्यलाभको कामना गरेका थिए ।

क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सल्लाहकार, नेपाल पत्रकार महासंघका काठमाडौं जिल्ला शाखा सदस्य, नेपालभूमि साप्ताहिकका संस्थापक प्रधानसम्पादक तथा वर्गदृष्टि साप्ताहिकको दुर्वाच्य स्तम्भका स्तम्भकार समेत रहेका बरिष्ठ पत्रकार हुमागाई अखिल नेपाल जनसाँस्कृतिक महासंघमा समेत आवद्ध रहेका छन् ।

# मलेसिया–नेपाल वैदेशिक रोजगारी सम्झौता हुँदै

काठमाडौं । नेपाल र मलेसियाबीचमा बिग्रिएको रोजगारीको समबन्धलाई सुधार गर्न छिट्टै नै एक संझौता हुँदै छ । यो संझौताअनुसार नेपालले हालसम्म गुमाएको रेमिटेन्स पुनः प्राप्त गर्न थाल्ने छ । पछिल्लो चरणमा गरिएको आर्थिक हिसाब अनुसार नेपालले प्रतिमहिना ६० करोड रेमिट्यान्स मलेसियाबाट गुमाउँदै आएको छ ।

नेपालले गर्ने र पठाउने वैदेशिक रोजगारीमा एकतिहाई भाग मलेसियासँग हुने गरेको छ । मलेसिया नेपाली रोजगारका लागि निकै मन पराइएको ठाउँ हो । विगतमा नेपाल सरकारकै कारण बिग्रन पुगेको सम्बन्धलाई सम्हाल्न लामो समयको प्रतिक्षा गर्नु परेको छ ।

हाल राजस्वमा आइरहेको ह्रासलाई कम गर्न यो संझौताले ठूलो टेवा पुर्‍याउने छ ।

# दम्भ, दावत, दक्षिणा र दरिद्रता

● रविकिरण निर्जीव

यी 'द' प्रारम्भिक शब्दहरू खोजेर र बलपूर्व मिलाएर ध्वनि वा सुन्दरता दिन खोजेको होइन । यिनीहरू आआफ्नो पारस्परिक सम्बन्ध र गहनता लिएर लाम मिलेर बस्न आएका हुन् । दावत शब्द सजातीय आभाषित नभएर पनि यो अरुसित रक्तसम्बन्ध नभएको भने होइन । यिनीहरू कुन उद्देश्यको पुष्टि प्रमाण र व्याख्याको निमित्त यसरी साथसाथै आए त ? म सकभर सबै पाठको चित्त बुझ्ने गरी प्रष्टीकरण दिन तयार छु ।

विषय नेपाली भारती संस्कार संस्कृति र सम्बन्धहरूसित जोडिएको छ । हामीले आफूलाई जति मौलिक र भिन्न राख्न चाहे तापनि स्वाधीनताको ऐतिहासिक गौरव बाहेक हामी आफ्नो अलग परिचय राख्न असमर्थ छौं ।

हाम्रा यी लोक, परलोक, दान, धर्म, स्वर्ग, नर्क, विपत्ति, मुक्ति, भोज, भतेर यावत संस्कार संस्कृति र चिन्तन एवम् व्यवहारहरू एकै छन् । हामी जन्म भोजदेखि मृत्यु भोजसम्म सबै मनाउँछौ । बर्थ डे भनेर जन्म भोज र तेह्रौ पुण्य तिथि भनेर मृतक भोज गर्छौं । मृतक भोजलाई काट्टो भोज भन्ने पनि गरिन्थ्यो र पूर्व राजाहरूले केही ब्राह्मणहरूलाई गजदान र धनदान गरेर किनी काट्टो खुवाएर मृतक र आफ्नो कुललाई चोख्याउँथे ।

मृतकको काजकिरिया गर्दा उसको तर्फबाट ब्राहमण, पुरोहित, जोगी, सन्यासी, भिखारी, गरीब आदिलाई मृतकले पाउँछ भनेर दान दक्षिणा दिने गरिए तापनि उसले सदगति पाउँछ भनेर मृतकभोज दिने चिन्तन हिन्दु संस्कृति न उहिले ठीक थियो, न त अहिले छ । अझ नेपाली धनवान, विद्यावान र क्षमतावान मानिसहरू तेह्रौ तिथिका दिन मलामी, समवेदक, कुटुम्ब, शुभचिन्तक, सहयोगी आदिलाई करकाप गरी गरी तपाईले नलिए दिवंगतले पाउनुहुन्न भनी भनी बोझिलो दक्षिणा दिइन्छ र बन्धुबान्धवहरूलाई भने थपी थपी रोटी, पुरी, जेरी, तरकारी, हलुवा, खिर खान जोड गर्छन् । यस्ता भोजसित दम्भको गला जोडिएको छ । र, बृद्धि तथा चेतनाको नराम्ररी पतन भएको छ । यस्ता भोज गर्नु पर्छ भन्ने कुनै आध्यात्मिक सिद्धान्त वा सन्देश पाइँदैनन् । यी अमानुषिक र अनुचित छन् । भारतीय योगी, महर्षि, विद्वान, वीर महात्मा शंकराचार्य, तुलसीदास, विवेकानन्द दयानन्द, महात्मागान्धी आदि कसैले श्राद्ध वा यस्ता भोजलाई राम्रो मानेनन् । र, आफ्नो मरण हुँदा गर्नु पनि भनेनन् । नेपालमा यस्ता भोज तथा दान दातव्यमा नलुटपुटिने विश्वेश्वर कोइरालाबाहेक अरु कोइराला अधिकारी कोही बाँकी होलान् र ?

भारतको अन्य ठाउँको अतिरिक्त राजस्थान प्रदेशमा यो प्रथा व्यापक रहिआएको छ । यस्तै यही संस्कारको प्रचलनहुँदा देवता ठाउँ ठाउँमा विवादमा पर्दै आएका छन् अर्थात् उन्को अस्तित्व तथा शक्तिमा प्रश्न चिन्ह लाग्दै आएको छ । र, ईश्वर मरिसक्यो भन्न पनि लेखक विद्वाानहरू पछि परेका छैनन् । वेदलाई बिगार्ने पाण्डापुरोहितले गर्दा पनि यस्तो भएको छ । एउटै संस्कृति र आध्यात्मक पृष्ठभूमि भएकाले नेपाली र भारतीय दुवै थरी जनताको अन्धविश्वासको स्तर समान जस्तो प्रतित हुन्छ । तापनि, केही घटनाका तथ्याङ्कहरूले नेपालीहरू बढी रुढीवादी भएको देखाउँछन् । चेतना र राजनीतिको रक्तसञ्चार भारतीयमा भन्दा बढी नेपालीमा अझ ने पालका श्रमजीवीहरूमा

**मृतकको काजकिरिया गर्दा उसको तर्फबाट ब्राहमण, पुरोहित, जोगी, सन्यासी, भिखारी, गरीब आदिलाई मृतकले पाउँछ भनेर दान दक्षिणा दिने गरिए तापनि उसले सदगति पाउँछ भनेर मृतकभोज दिने चिन्तन हिन्दु संस्कृति न उहिले ठीक थियो, न त अहिले छ । अझ नेपाली धनवान, विद्यावान र क्षमतावान मानिसहरू तेह्रौ तिथिका दिन मलामी, समवेदक, कुटुम्ब, शुभचिन्तक, सहयोगी आदिलाई करकाप गरी गरी तपाईले नलिए दिवंगतले पाउनुहुन्न भनी भनी बोझिलो दक्षिणा दिइन्छ र बन्धुबान्धवहरूलाई भने थपी थपी रोटी, पुरी, जेरी, तरकारी, हलुवा, खिर खान जोड गर्छन्**

बढी भएको, सम्पन्न र पठित वर्गमा कम भएको, संस्कृतिलाई पूरापूर अवलम्बन गर्ने भन्दा पनि परिमार्जन गरी ग्रहण गर्नु पर्छ भन्ने पक्षमा नेपालीहरू पर्दछन् । नेपाली मध्यमवर्गका मानिसहरू अति सर्वहारावादी वा प्रगतिशील हुनेहरू पनि यो चिन्तनबाट माथि उठ्न वा अलग हुन नराम्रा संकार संस्कृतिका अर्धसर्मथक वा मृतकभोजका पूर्ण अनुयायी हुँदै आएका छन् । समाजवादी समाज निर्माणमा यो प्रवृत्ति बाधक भएको छ । अझ जनवादी राज्यव्यवस्थाको स्थापनाको मार्गमा त यो खतरनाक मानिदै आएको छ । नजान्नेले भन्दा जान्नेले घात गर्छ भन्ने कहानी यसमा सिद्ध छ ।

यो मृतकभोजको हैजा हिन्दु जातिमा मात्र नरहेर मुसलमान जातिमा पनि सङ्क्रमित हुँदै गएको छ । यो हैजा अरु जातिहरूमा भन्दा पनि आफ्नै हिन्दु जातीमा बढ्दै जानुका खास कारणहरू यस्ता छन् ।

❑ यस्ता दावतहरूमा धनीमानीमा दम्भ प्रदर्शन गर्ने चाहना बढ्दै जानु,

❑ सरकारी नोकरीदार र व्यवसायीहरूमा पनि यो सामर्थ्य र चाहना बढ्नु,

❑ अरुको अपमान उपहास गर्ने भएकाले गरीबहरूले पनि गर्दै जानु,

❑ सक्नेले उचाली दिएर नसक्नेले बाध्यतापूर्वक गर्नु,

❑ जो विधवा, असहाय र निरीह छन् समाजबाट बहिस्कृत होइएला (हुने गरेका पनि छन्) भनेर गर्नु,

❑ भारतका कतिपय पिछडिएका गाउँका गरीब र दलित मानिसहरू अर बलियो र उच्च जातिकाले गर भनी धम्की दिँदा गर्नु,

❑ गर्दै जाँदा यो संस्कार रुढी बन्दै जानु आदि ।

दिवंगत आफन्तको स्मृति तथा सम्मानका निम्ति धार्मिक तथा सार्वजनिक संस्थामा दान, चन्दा, भवन, स्मारक आदि दिँदै र बनाउँदै आए तापनि यसलाई व्यापकता दिई मृतकभोज काट्टो भोज तथा तेह्रौ पुण्य तिथिहरूलाई विस्थापित गर्नु तथा सामान्य चियापान, श्रद्धाञ्जली, समवेदना र धन्यवाद ज्ञापनमा रूपान्तरण परिमार्जन गर्नु सुन्दर विकल्प हुन आउँछ ।

आजको अवस्था सांस्कृतिक परिमार्जन गर्नुभन्दा तिनलाई उल्टो भड्किला र विकृत बनाउँदै गएको अवस्था हो । वैयक्तिक रूपमा संस्कृति परिमार्जित भएको पाइए तापनि वृहत उपयुक्त र विशिष्ट रूपमा संस्थागत वा राज्यस्तरमा यो भएको पाइएको छैन । यो परिमार्जनको अभावले गर्दा विपन्न वर्गका मानिसहरू अनुचित व्यय र विकराल निर्धनताको भड्खारोमा खस्दै आएका छन् । यति मात्र होइन, यो विकृत संस्कृति संस्कारको अनुगमनको निरन्तताले देशको प्रगतिको गति र नागरिकको सोच र विचारको धार विपरीत दिशातर्फ गएको छ ।

संस्कृतिको यथा अनुगमन वा त्यसको झन विकृत पक्षको अनुगमन भन्दा परिमार्जन र यावत सबै कुराहरूको पश्चअनुगमन भन्दा अग्रअनुगमन आत्मसात गरौं ।

संस्कृति संस्कारहरलाई फूललाईझैं आत्मसाथ गरौ पत्थरलाईझैं होइन । हलुंगो रूपमा लिउ गरुंगो रूपमा होइन ।

## कविता

### रातो भुत

● *कृष्णभक्त महर्जन 'कगेन्द्र'*



प्रकृतिको नियम छ
मान्छेको पनि नियम छ
यी नियम पालना गर्दा
रातो भुतले तर्साइन्छ
को होला त्यो रातो भुत
आलमारी बन्द छ रे
अनि खिन्नता छाउछ
तुजुक देखाउदै भन्छ
म पुग्ने ठाउँ टाढा छ
कसरी पत्याउने कुरा
मुसा पस्न गार्हो छ रे
तर त्यो रातो भुत
फुट निस्कन्छ
न पहाड नाग्नु पर्छ
न समुन्द्र तर्नु पर्छ
गन्तव्य नै थाहा छ
तैपनि नमस्ते गर्छु
अनुहार नै नदेखाइ
नमस्ते फर्काउँछ
सरर सवार हुन्छ
हावा मै हराउँछ
भुतलाइ भन्छु
अब कहाँ जान्छौ
जहा गए नि के चासो
को हो र म
बिरानो भै सक्यो
साउन लाग्यो कि डर
माघ लाग्यो कि डर
त्यो पनि रातो भुतलाई
जहाँ पनि पुग्न सक्छ
जहाँ पनि लिन सक्छ
जस्तो पनि पाउन सक्छ
रातोलाई रातै मिल्छ
कालोलाइ कालै मिल्छ
बिहान कालो छ त
एकै छिनमा रातो
बिहान कालो छ त
दिउँसो रातो छ
कालो दिने नि छ
रातो ल्याउने नि छ
के को टन टन
रातो भुतलाइ पच्छाउदा
बिहान नि तर्साउँछ
दिउँसो नि तर्साउँछ
बेलुका नि तर्साउँछ
राती पनि तर्साउँछ
सक्दै नसके पछि
रातो भुतलाई
रातो कलमले
अभिवादन दिए..........

## नाटककार पुष्पकमल दाहाल निर्देशित 'आत्मसमर्पण'को नाट्य अभिनयमा छबिलाल पौडेलको आत्मस्वाभिमानमाथि परेको गहिरो चोट

काठमाडौं । आइतबार जिल्ला अदालतबाट सफाइ पाएसँगै गोरखाका कृष्ण अधिकारी हत्या प्रकरणमा आरोपित ज्येष्ठ नागरिक छविलाल पौडेल सोमबार जेलबाट रिहा भएका छन् । उनलाई बाजागाजाका साथ आफन्तहरूद्वारा स्वागत गरिएको छ । उनको रिहाइ न्यायप्रेमी जनताका लागि खुशीको कुरा पनि हो ।

वर्ग विभाजित समाजमा एउटा वर्गपक्षधर खुशी हुने र अर्को वर्गपक्षधर दुखी हुने वर्ग सापेक्ष कुराहरू हुन् । भयो पनि यस्तै ! गंगामाया अधिकारी फेरि पनि अनसनमा बस्ने भनेर अडान लिन थालेकी छन् । उनले पनि आफैले जन्माएको र आफ्नै काँखमा हुर्काएको छोरा गुमाएकी छन् ।

कुरा कानुनका पाना पल्ट्याउँदै दफा र उपदफा भट्याएर दोषी को र निर्दोषी को भनेर करार गर्ने भन्दा पनि राजनीतिक परिवर्तनका लागि भएका र हुने गरेका ठूलाठूला हिंसा र रक्तपातको समाज परिवर्तनसहितको सामाजिक न्यायभित्र स्थान कहाँ हुन्छ ? के परम्परागत अदालती दफा र उपदफाले त्यो बदलिएको परिस्थितिमा साँच्चिकै न्याय दिन सक्ला र सक्छ त ?

यो प्रश्नको जबाफ दिंदा परिवर्तनका क्रममा पीडित हजारौं छबिलाल पौडेल र हजारौं गंगामायाहरूलाई नियालेर हेर्नैपर्छ । नत्र बदला र प्रतिशोधको भुङ्ग्रोमा अरु हजारौं छबिलाल र गंगामायाहरू बत्तिमा पुतली परेझैं परि नै राख्ने छन् र पारिई नै राखिने छन् ।

जनयुद्धकालमा वैचारिक विमति र मत भिन्नताका कारणले हामी नेपालीहरू दुई खेमामा बाँडिन पुग्यौं । विचारको विमति रक्तपातपूर्ण युद्धमा परिणत हुन गएको थियो । त्यसको हल लडाइँद्वारा भइरहेको थियो । कसले जित्ने र कसले हार्ने ? युद्धको वैचारिक र प्रतिध्रुवीय पक्षधरता थियो ।

छबिलाल पौडेल र गंगामाया अधिकारी यही प्रतिध्रुवीय खेमामा थिए । पौडेलको खेमा परिवर्तनको पक्षमा थियो । अधिकारीको खेमा यथास्थितिको पक्षमा थियो । यो व्यक्ति विशेषको चाहनाको कुरा थिएन । यो सार्वभौम कुरा थियो । त्यतिबेला संवैधानिक राजतन्त्र सार्वभौम थियो । आज गणतन्त्र सार्वभौम छ । त्यसो भए के छबिलाल पौडेल र गंगामाया अधिकारीको विचार र पक्षधरता ती सार्वभौम विचार र कुराहरूसँग जोडिएका थिएनन् त ?

आजका सतही रूपमा मानव अधिकारको वकालत गर्नेहरूले, प्रतिशोध र बदलाका सीमा र दरारहरू कोट्याउँदै फराकिलो पार्न खोज्नेहरूले, ती गणतन्त्र तथा परिवर्तन विरोधीहरूका विचार र मत त्यतिबेला आफू अनुकूल थिएनन् भनेर प्रतिशोध राखी अहिले आत्मरति लिन र 'खुच्चिङ' गर्नका लागि दोषी करार गरी कारबाहीको माग गर्नेहरूले यो कुरालाई बुझ्नु र बुझाउनु पर्दैन ?

अर्कोतिर, लत्रन र टाँङमुनि छिर्ने पनि सीमा हुन्छन् होला । तात्कालिन जनयुद्धका 'नायक' तर हालका जनवादी क्रान्तिका भगौडा पुष्पकमल दाहालले एक बयोबृद्ध छबिलाल पौडेललाई हात समातेर घरबाट ल्याई सर्वोच्चमा 'आत्मसमर्पण' गराए । धन्य भगौडा महोदय ! तिमी त्यही व्यवस्थाको प्रधानमन्त्री हुने, राष्ट्रपति भई पनि छाड्ने ध्वाँस पनि देखाउने, तर तिम्रो कायरतापूर्ण आत्मसमर्पणका रक्षाकवज निर्माणका लागि अझ कति छबिलाल पौडेलहरूले लाइन लागेर समर्पण गरिदिने र आत्मसम्मान र प्रतिष्ठाको आत्मघाती बलिवेदीमा आहुती दिने ? अझैं कति बाँकी छ, तिमी जस्ता कायर र गद्दारका लागि छबिलाल पौडेल जस्ता अरु स्वाभिमानहरूले आहुती दिन ? इतिहासमा कायर, गद्दार र भगौडाहरूले योद्धाहरूको यस्तै र यो भन्दा पनि घटिया अपमान गर्ने गरेका छन् ।

## बदलिंदो तीज र सत्यम्, शिवम्, सुन्दरम्

काठमाडौं । यो वर्षको तीज पनि निकै गहना गुरिया र सिंगार पटारले ढाकेको छ । चेलीहरू आफ्ना आर्थिक गच्छे अनुसार प्रस्तुत भएका छन् । कोही गाउँको रहनसहन र भेषभूषामा, कोही छोटे सहरीया त कोही बडे सहरियाका आर्थिक हैसियत र त्यसको प्रदर्शनमा देखिएका छन् ।

नेपालमा अहिले तीजलाई तीन फरक शिवम् त्रिनेत्र (दृष्टिकोण) बाट हेरिएको पाइन्छ । लवाइखवाइ, साजसज्जा, बोलीभाषा, गरगहना, लिपिस्टिक पाउडर, कला शैली र प्रदर्शन आदिमा आएको परिवर्तनलाई यी तीन दृष्टिकोणले भिन्न व्याख्या गर्दै आफ्नो पन तथा विचारको आँखाबाट हेर्न चाहन्छन् ।

पहिलो शिवम् त्रिनेत्र हो, पुरातन सामन्तवादी कोण । यो कोणले चेलीहरूमा निर्वलता, निर्दोषिता, लज्जा, निरीहता खोज्छ । यसले पुरुष तिनको अविभावक भएको हेर्न चाहन्छ । यो कोण आफैमा पुरुषवादी, पितृसत्तात्मक र सामन्तवादी छ । यसले चेलीहरूलाई कम्तिमा पनि अविभावक ठानिएका पुरुषहरूका नजरको दृश्य पुग्नेसम्म र अलि बढी भए दृष्टि क्षितिज पुग्ने ठाउँसम्म खेलेको, रमाएको र गएको देख्न चाहन्छ । अविभावकको रूपमा रहेको पुरुषले महिलालाई सुखभोगका रूपमा ग्रहण गर्दछ । निरआहार ब्रत बसेर विवाहिताले श्रीमान्को दीर्घायुको कामना गर्ने र अविवाहिता वा कन्याले योग्य बर पाउँ भनेर शिवको आराधना गर्ने र शिवलिंगको पूजा गर्ने धार्मिक प्रक्रिया र प्रचलनले यसलाई व्यवहारिक रूपमा नै पुष्टि गर्दछ । महिलाको आफ्नो रूप र सौन्दर्य तथा कर्म देवप्रदत्त मानिन्छ ।



यो विचारले महिलाको हैसियत, क्षमता वा कला होइन, उनका अविभावक पुरुषको हैसियत, क्षमता र कला प्रदर्शित भएको देख्न र महिमा गाइएको सुन्न चाहन्छ । यसले तीज पर्वलाई परम्परागत स्वरूप र सारमा कैद गरिरहन चाहन्छ । नेपालमा यो दृष्टिकोण अलि पुरानो र थोत्रो पनि भइसक्यो । नेपाली समाज आज सामन्ती स्वरूपबाट दलाल तथा नोकरशाही वा मध्यम-निम्न पुँजीपति आर्थिक आधार र स्वरूपमा पदार्पण गरिसकेको छ ।

हरितालिका तीजलाई हेर्ने दोस्रो शिवम् त्रिनेत्र हो, वर्तमान दलाल तथा नोकरशाही दृष्टिकोण । यो कोणले नकचक, अंगप्रदर्शन, लालीपाउडर, रंगीचंगी तर नांगो आवरण अदिका साथै महिलालाई उपभोगका साधनका रूपमा लिने गर्दछ । सामन्ती सुखभोगका साधन मानिने महिला यो चरण आएर उपभोगका साधनका रूपमा मानिलिंदा ठूलो संख्यामा महिला यौन हिंसाका सिकार हुन पुग्दछन् । महिलाको आफ्नो रूप र सौन्दर्य तथा कर्म प्रकृतिक प्रदत्त मानिन्छ । तर महिलालाई धनपैसाले खरिद गरी उपभोग गर्न सकिने गरी धनीमानी तथा शक्तिशाली पुरुषकै हिंसा र उत्पीडनका सहज सिकारका रूपमा लिने गरिन्छ ।

नेपालमा हाल स्थापित दलाल तथा नोकरशाही शासन व्यवस्थाले यही दृष्टिकोणको पक्षपोषण गर्दछ । वर्तमानमा कम्युनिष्ट नामधारी ओली सरकारका पालामा निर्मला पन्त लगायतका हजारौं चलीहरूको बलात्कार र चीर हरणका पछाडि जबर्जस्त रूपमा यही विचार र मनोविज्ञानले काम गरेको छ । देशमा घटेका यस्ता खाले हरेक घटनाहरूमा कि त सत्तामा पहुँच भएका कि त धनले मैमत्त भएका कि त यी र यस्तैका संरक्षण र छत्रछहारी पाएकाहरू नै यस्ता कामहरूमा संलग्न रहेको अनुसन्धानले देखाएको छ । निर्मला पन्तको बलात्कारपछिको हत्या प्रकरणको आजसम्म सरकारले सत्यतथ्य बाहिर ल्याउन अनकनाउनु, दोषीको संरक्षण गर्नु र उत्पीडित निरीहरूलाई प्रताडित र त्रसित पार्नुका साथै गोली हानेर ज्यानसम्म लिनु दलाल तथा नोकरशाही दृष्टिकोणको व्यवहारिक अभिव्यक्ति हो । संस्कारगत हिसाबले यो पुँजीवादी साम्राज्यवादको विकृत र भद्दा अभिव्यक्ति पनि हो ।

तेस्रो शिवम् नेत्र वा विचार हो, जनवादी-समाजवादी विचार दृष्टिकोण । यसले महिला वा चेलीहरूमा आत्म स्वाभिमान भएको, आत्मनिर्भर भएको, आफ्नो बारेमा आफै निर्णय लिनसक्ने स्वतन्त्र र स्वायत्त व्यक्तित्वका रूपमा हेर्दछ । यसले महिला न त सुखभोगका रूपमा न त उपभोगका रूपमा लिन्छ । यसले महिला र पुरुषलाई उर्ा त्तकै हैसियत दिन्छ । महिलालाई मानवका रूपमा लिन्छ । नेपालको सन्दर्भमा र विश्वमा पनि यो विचार जनवादी तथा समाजवादी विचारसँग जोडिएको छ । यो आजका दिनका चीर प्रतिक्षित भविष्यको वैज्ञानिक समाजवादी संस्कार र चिन्तनका रूपमा रहेको छ ।

यसले तीजलाई अन्यायका विरुद्ध वर्गीय तथा वैचारिक बिष्फोटनका रूपमा आएहुने थियो भनी आशा गर्दछ । उत्पीडनका विरुद्धमा महाअभियान बनेर आए हुने थियो भनी सुझाब दिन्छ र त्यसैका लागि सहकार्यको हात अघि बढाउँछ ।

## आलोपालो

# अनेरास्ववियू (क्रान्तिकारी) र प्रतिरोध संघर्षको अनिवार्यता

● राम नेपाली

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी) अर्थात अनेरास्ववियू (क्रान्तिकारी) आम नेपाली विद्यार्थीहरूको शैक्षिक हकहित र अधिकारको लागि स्थापना भएको थियो । यो संगठन विशेष गरी मजदुर, किसान र उत्पीडि वर्ग तथा समुदायको छोराछोरीको शैक्षिक अधिकारको पक्षधर संगठन हो । यो संगठन सम्पूर्ण वामपन्थी, प्रगतिशिल, देशभक्त तथा क्रान्तिकारी विद्यार्थीहरूको साझा संगठनको रूपमा परिचित हुदैआएको छ । २००६ सालमा गठन भएको अखिल नेपाल विद्यार्थी फेडेरेशनबाट सुरु भएको वामपन्थी विद्यार्थी संगठन २०२२ सालमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन हुदै २०५२ सालमा अनेरास्ववियू (क्रान्तिकारी) बन्न पुगेको हो । २००६ सालदेखि २०७५ सालसम्म आइपुग्दा यो संगठनले विभिन्न आरोह अवरोहहरू पार गरेको छ । संगठनको नामको हिसाबले, त्याग, बलिदान र समर्पणको हिसाबले तथा राजनीतिक वैचारिक हिसाबले खारिदै, सुदृढ र परिस्कृत हुदै आजको स्थितिसम्म आइपुगेको छ ।

त्याग, बलिदान र समर्पणको गौरवशाली एतिहास निर्माण गरिसकेको अनेरास्ववियू (क्रान्तिकारी) हजारौ वीर शहिद र वेपत्ताहरूको रगतले सिंचित संगठन हो । यो संगठन चिनियाकाजी श्रेष्ठ, दिल बहादुर रम्तेल, बेनोज अधिकारी, विपिन भण्डारी लगायत शहिद तथा वेपत्ता योद्धाहरूको बलिदानबाट निर्माण भएर यहाँसम्म आएको छ । २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ सालको जनआन्दोलन, दश वर्षे महान् जनयुद्ध, ०६२/६३ को दोस्रो जनआन्दोलन लगायत सबै राजनीतिक परिवर्तनका आन्दोलनहरूदेखि लिएर शैक्षिक रूपान्तरण, राष्ट्रियताको आन्दोलन र सहज जनजिवीकाको लागि गरिएका सबै आन्दोलनहरूमा यो संगठनले अनवरत रूपमा नेतृत्व गर्दै आइरहेको छ ।

अनेरास्ववियू (क्रान्तिकारी) क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेता संगठन हो । यो राजनीतिक विद्यार्थी संगठन हो । स्थापना कालदेखि नै यो संगठन वामपन्थी कम्युनिष्ट विचारधारा र पार्टीसँग सामिप्यता राख्दै आएको संगठन हो । कालक्रमसँगै यसले आफ्नो राजनीतिक तथा वैचारिक पक्षलाई पनि समय सापेक्ष परिमार्जित गर्दै ल्यायो । २०५२ सालमा आइपुग्दा यो संगठनले मार्क्सवाद, लेलिनवाद र माओवादको पथप्रदर्शक सिद्धान्तलाई पूर्ण रूपले स्विकार गर्दै तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)लाई मातृपार्टी मान्यो । मालेमावाद वा माओवादले अनिवार्य मान्ने आधारभूत मान्यताहरू जनवादी केन्द्रीयता, वर्गसंघर्ष, बलप्रयोगको सिद्धान्त र सर्वहारावर्गको अधिनायकत्वलाई आत्मसाथ गर्दै यो संगठन अघिबढिरहेको छ । नयाँ जनवादी क्रान्ति मार्फत सर्वहारा वर्गको राज्यसत्ता स्थापना भएपछि मात्र नेपालको आर्थिक, राजनीतिक, सामाजिक–सांस्कृतिक, शैक्षिक लगायतका सबै क्षेत्रको आमूल परिवर्त सम्भव हुन्छ भन्ने मुल मान्यता अनुसार यो एउटा विद्यार्थी संगठन हुदाहुदै पनि राज्यसत्ता परिवर्तनको संघर्षलाई मुख्य आन्दोलन मान्दै आएको छ । अहिले यो संगठन नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को भातृ संगठन हो र जनविद्रोह मार्फत नयाँ जनवादी क्रान्ति पुरा गरी जनवादी सत्ता स्थापना गर्ने पार्टीको मुल उद्देश्यलाई आत्मसाथ गर्दै आफ्नो योजनाहरू अघि बढाइरहेको छ ।

शैक्षिक रूपान्तरण र शैक्षिक मुद्दाहरू उठाउने सवालमा पनि अनेरास्ववियू (क्रान्तिकारी) नै अब्बल संगठन हो । यसको मुख्य शैक्षिक मुद्दा नै नेपालमा जनवादी शिक्षा प्रणाली स्थापना गर्नु हो । नेपालको शिक्षा प्रणाली विभेदपूर्ण, अवैज्ञानिक, अव्यवहारिक र श्रमसँग नजोडिएको बुर्जुवा प्रणाली हो । यो शिक्षा प्रणाली नेपालको माटो सुहाउदो, राष्ट्रवादी र समाजवादी छैन । यहाँ गरिब र धनीको लागि फरक फरक शिक्षा छ । हिजो नेपालको शिक्षा प्रणाली हिन्दू धर्ममा आधारित संस्कृत भाषाको वेद र पुराण पढ्ने शिक्षा थियो भने आज अंग्रजी भाषामा दलाल पूँजिवाद र विस्तारवाद तथा साम्राज्यवाद पढ्ने शिक्षा छ । यहाँ नेपाली कला, संस्कृति, मौलिकता, राष्ट्रियता र श्रम तथा उत्पादनलाई प्राथमिकता दिने शिक्षा छैन । कुनै पनि देशको शिक्षा प्रणाली राज्यको मुल चरित्रसँग अभिन्न रूपले गाँसिने भएको हुदा नेपालको सत्ताको चरित्र अनुसारको नै शिक्षा प्रणाली चल्दै आएको छ ।

१० वर्षे जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेश आन्दोलन लगाएतका क्रान्तिपछि नेपालमा जनताको राज्यसत्ता स्थापना हुने अपेक्षा गरिएको थियो । २०६४ सालमा गठन भएको पहिलो संविधानसभा षडयन्त्र पूर्वक विघटन गरिएपछि त्यो अपेक्षाको अन्त्य भयो । त्यसपछि दोस्रो संविधानसभा चुनावको मञ्चन गरियो । जसले प्रतिक्रियावादी दलाल संसदीय प्रणाली अंगिकार गर्ने संविधान बनायो । अहिले नेपालमा सोही अनुसारको राज्यव्यवस्था चलिरहेको छ । जसको नेतृत्व पूर्व एमाले र पूर्व माके मिलेर बनेको कथित वामपन्थी पार्टी नेकपाले गरेको छ । जनतालाई वामपन्थ, ...बाँकी ७ पेजमा

# महिलाहरूले दवावमूलक ज्याली प्रदर्शन गर्ने

काठमाडौं । निर्मला पन्तको वास्तविक हत्याराको पहिचान गरी कडा कारबाही गर्न माग गर्दै महिलाहरूले दबाबमूलक ज्याली प्रदर्शन गर्ने भएका छन् । नेकपा (क्रान्तिकारी माओवादी) निकट अनेमसंघ (क्रान्तिकारी), नयाँ शक्ति, माले, मसाल र नेकपा (विप्लव)लगायतका पार्टीसम्बद्ध महिला संगठनहरूको संयक्त संघर्ष समितिको आयोजनामा असोज ५ गते माइतीघर मण्डलादेखि नयाँ बानेश्वरसम्म दवावमूलक ज्यालीको प्रदर्शन गर्ने भएको हो । अनेमसंघ (क्रान्तिकारी)की अध्यक्ष लक्ष्मी मुडभरीले दिएको जानकारी अनुसार संयुक्त संघर्ष समितिले २ गते असोजमा पुरानो बानेश्वरस्थित ओमसाइ पार्टी प्यालेसमा मुलुकी संहितासँग सम्बन्धित विषयमा कानुनविज्ञहरूको उपस्थितिमा महिलाहरूको प्रशिक्षण कार्यक्रम राखेको छ ।

## देजमो कास्कीको अध्यक्षमा भोजराज त्रिपाठी निर्वाचित

● सागर सुवेदी

पोखरा । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल कास्कीको सम्पन्न भेलाले अध्यक्षमा भोजराज त्रिपाठीलाई निर्वाचित गरेको छ । २४ भदौमा सम्पन्न भेलाले मोर्चाको जिल्ला समितिको उपाध्यक्षमा बाबुराम मिजार, सचिवमा दिलकुमार पुन, सहसचिवमा राजेन्द्र सुवेदी, कोषाध्यक्षमा राम पुन र सदस्यहरूमा उर्मिला श्रीस, राजकुमार सुनार, धनमाया थापा, विरेन्द्र मस्याङ्ग्री, प्रेम विक, प्रकाश सुवेदी, कुलबहादुर विक, दुर्गा विक, राजु मिजार, सुमित्रा गुरुङ, अरविन्द्र थापा, सञ्जय कार्की, लालबहादुर विक, सोम आचार्य, सुर्य लामा, अर्जुन गुरुङ, पवित्रा अधिकारी, कविराम विक, आयलबहादुर सुनार, मोहनकाजी गुरुङ, मानबहादुर गुरुङ, पिताम्बर शाही, लालबहादुर विकलगायत रहेका छन् ।

मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको उक्त भेलामा उल्लेख्य रूपमा नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

## क्रान्तिकारी माओवादी सुर्खेतको सेक्रेटरीमा खडानन्द लामिछाने

सुर्खेत । नेकपा (क्रान्तिकारी माओवादी) सुर्खेतको भेला सम्पन्न भएको छ । २३ गते शनिबार सम्पन्न भेलाले खडानन्द लामिछानेको नेतृत्वमा २१ सदस्यीय जिल्ला पार्टी कमिटि गठन गरेको छ । उक्त कमिटिका सदस्यहरूमा भक्त सुनार, श्याम कार्की, इन्द्रप्रसाद गौतम, गंगे कामी, चन्दा थामी, अनिल विक, गणेश सुवेदीलगायत रहेका छन् ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा कर्णाली प्रदेशका कावा सचिव चक्रपाणी शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलामा पार्टी केन्द्रीय सदस्यहरू कृष्ण गुरुङ, दिपक बहादुर शाहीलगायत नेताहरूको उपस्थिति रहेको थियो । भेलाले श्याम कार्कीलाई देजमोको संयोजक तोकेको छ भने क्रान्तिकारी युवा लिगको संयोजकको रूपमा अनिल विकलाई अगाडि सारेको छ ।

## संघर्षप्रति ऐक्यबद्धता

काठमाडौं । नेपाल स्वतन्त्र सवारी चालक संघर्ष समितिले आयोजना गरेको संघर्षप्रति नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघले ऐक्यबद्धता जाहेर गरेको छ । स्वतन्त्र सवारी चालक संघर्ष समितिले परिचालकलाई अनिवार्य गरिएका अनुमतिपत्र खारेज गरिनु पर्ने, दुर्घटना हुँदा चालकलाई जन्मकैदको सजाय दिने सम्बन्धी धारा खारेजी गरिनु पर्ने, ट्राफिक प्रहरीको ज्यादती, मालिकहरूबाट हुने शोषणको अन्त्य, विनाकसुर जेल सजाय काटिरहेका चालकहरूको रिहाई गरिनुपर्ने, निजी र सरकारी चालकहरूमाथिको विभेद अन्त्य गरिनुपर्ने लगायतका १३ बुँदे माग राखेर २ असोजबाट गरिने संघर्षप्रति क्रान्तिकारी यातायात मजदुर संघले ऐक्यबद्धता जाहेर गरेको हो । अखिल नेपाल क्रान्तिकारी यातायात मजदुर संघका केन्द्रीय अध्यक्ष कविन्द्र मोक्तानले एक वक्तव्य जारी गरी ऐक्यवद्धता जाहेर गरेका हुन् ।





Gulf®

गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।








प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१–४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।